www.ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

# सन्देश

Hetauda Sandesh Daily

वर्षः २४ ॥ अंकः १४९ ॥ आइतबार ०२ मंसिर २०८१ ॥ द्वितीया ॥ ११४४ ॥ कछलागा ॥ Sunday 17 November 2024॥ पृष्ठ: 8 ॥ मूल्य: रु.3/- ॥

## ११ किलो गाँजा बोकेर मोटरसाइकलमा सवार २ युवा पक्राउ



काठमाडौं/सर्लाहीको बरहथवाबाट प्रहरीले लागू औषध गाँजासहित दुईजना युवालाई पक्राउ गरेको छ।

बरहथवा नगरपालिका– १६ गंगापुरस्थित बागमती नदी किनारबाट प्रहरी नायव निरीक्षक अमेन्द्र रायको कमाण्डमा खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा सिन्धुलीको हरिहरपुरगढी गाउँपालिका–८ पाँचतले निवासी २९ वर्षीय वाङ दार्जे थिंङ र सर्लाहीको हरिवन नगर पालिका–४ तीनघरे बस्ने ३० वर्षीय सागर लामा छन्।

उनीहरुको साथबाट ११ किलो गाँजा र बागमती प्रदेश ०२–०२१ प २४४४ नम्बरको मोटरसाइकल पनि बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। उनीहरुलाई जिल्ला अदालत सर्लाहीबाट ७ दिनको म्याद थप गरी प्रहरी कार्यालय बरहथवाको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# हरियो मकै बिक्री गरेर मनग्य आम्दानी

सन्देश संवाददाता



हेटौंडा/नेपाली समाजलाई नियालेर हर्ने हो भने सबैभन्दा भरपर्दो पेशा कृषिलाई मान्न सकिन्छ। धेरै नेपालीको जीवीकोपार्जनको बलियो आधार कृषि नै हो। यसको बलियो उदाहरण बनेका छन् हेटौंडाका मकैखेति गर्ने किसानहरु। अन्नबालीको रुपमा मात्रै प्रयोग गरिने मकैबालीबाट मनग्य आम्दानी हुन थालेपछि यहाँका किसानहरु दंग परेको पाईएको छ।

हेटौंडा उपमहानगर पालिकाकाको वडा नम्बर १२,१३ र १४ नम्बर वडा क्षेत्रका किसानहरु पछिल्लो समय हरियो मकै बिक्री गरेर आफ्नो आर्यआर्जनको स्रोत बनाइरहेका छन्। पहिले/पहिले वस्तुभाउलाई खुवाउन र अलिअलि आफूहरु खानका लागि मात्रै लगाइने मकै पछिल्लो समय आम्दानीको स्रोत बनेपछि यहाँका किसानहरुले आफ्नो खेतबारी बांझो नराखेर टन्न मकै लगाउने गरेका छन्। हरियो मकैको घोगाले राम्रो भाउ पाउने भएपछि यहाँका स्थानीयहरुको प्रमुख बालीकै रुपमा मकै लगाउने गरेको हुन्।

हेटौंडा–१५ सिक्रेनी चोकमा चिया पसल सञ्चालन गर्दै आएकी साबित्री प्रधान आफ्नो घरखर्च भने हरियो मकैले नै टारेको बताउँछिन्। आफ्नो तीन कठ्ठा बारीमा दुईपटक लगाइएको मकै हरियो घोगा नै बिक्री गर्नेभएपछि उनको घरखर्च यसैले धानेको उनी बताउँछिन्।

'घरको अन्य खर्चहरु र परिवारको खर्च त श्रीमान्को कमाइ र मेरो चिया पसलको कमाइले पुऱ्याउने गरेका छौं,' उनले भनिन्, 'तर त्योबाहेक घरखर्च रासन पानी भने मकै खेतीले नै पुऱ्याएको छ। एक पटकमा ४०/५० हजार जतिको हरियो मकै बेच्छु। बर्षमा त्यस्तै राम्रो भएको बेला १ लाखसम्म लिएको छु। यो पाली भने पानी कम भएर होला मकैको घोगा त्यति ठुलो लागेन र बिक्री राम्रो भएन।'

यहाँका किसानहरुले एक बर्षमा दुईपटक मकै लगाउने छन्। मकै बेच्नका लागि बजार खोज्दै जानुपर्ने चिन्ता छैन। गाडि लिएर खेतबारीमै मकै किन्ने व्यवसायीहरु पुग्ने गरेका छन्। जसले आफूहरुलाई मकै रोप्न प्रेरित गरेको स्थानीय किसान मदनलाल श्रेष्ठ बताउँछन्। आफ्नो ७ कठ्ठा बारीमा दुईपटक मकै रोपेर हरियो मकै बिक्री गर्दा कम्तीमा पनि बार्षिक दुई लाखसम्म आम्दानी हुने गरेको उनले बताए।

त्यसोत, सोही जग्गामा पहिले/पहिले मास, भटमास, मुसुरो लगाएत गेडागुडी र दालमा आइटमहरु लगाइने गरिन्थ्यो। प्रसस्त सिंचाईको सुविधा नभएका कारण आकासे पानीकै भरमा लगाइने बालीले त्यती फाइदा दिदैन थियो। तर, पछिल्लो समय हरियो मकैले मनग्य आम्दानी दिनथालेपछि स्थानीयको पहिलो रोजाइको बाली नै मकैबाली हुन थालेको छ।

हरियो मकैमा प्रसस्त सम्भावना भएपनि सिंचाई सुविधा नहुँदा सोचेजस्ता घोगा भने नलागेकोमा स्थानीयहरु चिन्तित देखिन्छन्। कृषि पेशा गरेर जीविकोपार्जन गर्न चाहाने किसानलाई सिचाईको सुविधा भैदिए तीन बालीसम्म हरियो मकै लगाउने भ्याउने स्थानीय किसान भगवान अर्यालको भनाई छ।

यहाँका किसानहरुले बिशेषगरी हाइब्रिडअन्तर्गत पर्ने पाइजियर एक्स टि, रामपुर र पहाडमा विशेषगरी उन्नत जातमा रामपुर कम्पोजिट, मनकामना, गणेश साथै स्थानीय जातका मकै लगाउने गरेका छन्। किसानले लगाएको मकै लिन पोखरा, बुटवल, काठमाडौं नाराणगढ क्षेत्रका व्यापारी खेतबारीमै पुग्छन्। बेमौसमी मकै लगाउँदा सिंचाईको सुविधा हुने हो भने मकैको उत्पादन अझ बढ्ने किसानहरु बताउँछन्।

## ग्रामिण बहुउदेश्य सहकारीको २५ औं साधरण सभा सम्पन्न

सन्देश संवाददाता

हेटौंडा/ग्रामिण बहुउदेश्यीय सहकारी संस्था लिमिटेडको २५ औं साधरण सभा सम्पन्न भएको छ। शनिबार संस्थाका अध्यक्ष राजु अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यता रहेको थियो।

हेटौंडा ४ मा रहेको रोयल पार्टिप्यालेसमा भएको कार्यक्रममा जिसस प्रमुखले सहकारी संस्था अहिलेको परिस्थितीमा पनि अगाडि बढिरहेको बताए। सहकारीको धेरै महत्व रहेको भन्दै उनले अझै प्रगतीको कामना व्यक्त गरे। सबै संस्थाका विकास कार्यक्रममा सहयोग, सहभागिता, सदस्यको वर्गिकरण र अभिलेख व्यवस्थित हुन आवश्यक रहेको उनले बताए।

कार्यक्रममा जेष्ठ शेयर सदस्य अनाम खड्का अर्याललाई माला, दोसल्ला र करुवाले सम्मान



गरिएको थियो भने नियमित बचत तर्फ राजेन्द्र अर्याल र बोजप्रसाद भट्टराईलाई सम्मान गरिएको थियो। यस्तै कारोवारी सदस्यतर्फ कुमार लामा र जिवन सिलवाल, व्यवसायीतर्फ उषा गोले, सन्तोष घिमिरे, बाल बचततर्फ धैरेता सुनार, सस्थापक शेयर सदस्यमा खेमनाथ घिमिरे, रामप्रसाद अर्याल, हरिप्रसाद पुडासैनी, नेत्रप्रसाद घिमिरे त्यस्तै सञ्चालक समितितर्फ कृष्णप्रसाद घिमिरे, कर्मचारीतर्फ सुरज श्रेष्ठ र पत्रकारतर्फ श्रीराम दाहाललाई माला दोसल्ला प्रमाणपत्र र नगदसहित सम्मान गरिएको थियो।

यस्तै गतवर्ष एस.ई.ई.मा उत्कृष्ठ जिपिए ल्याएका विद्यार्थीतर्फ रक्षक नेवार, आयुस दुलाल, सुमिन मानन्धर, अनुभव अर्याल, शरद पाखिन लामा र पवन अर्याललाई सम्मान गरिएको थियो।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंक बागमती प्रदेश संचालक शाखा प्रमुख हेटौंडाका रामेश्वर अर्याल, कुखुरा व्यवसायी संघका अध्यक्ष राजेन्द्र मैनाली, सस्थापक अध्यक्ष कृष्णप्रसाद पुडासैनी, पुर्वअध्यक्ष तथा लेखा सुपरिवेक्षण संयोजक पुर्णप्रसाद पुडासैनीलगायतको आतिथ्यता रहेको थियो।

*उपनिर्वाचन :*

## हेटौंडा– १२ मा चुनावी सरगर्मी बढ्दो



सन्देश संवाददाता

हेटौंडा/प्रमुख राजनीतिक दलले हेटौंडा उपमहानगरपालिका–१२ को रिक्त वडाध्यक्ष पदका लागि यही मंसिर १६ गते हुने उपनिर्वाचनमा प्रतिस्पर्धा गर्ने उम्मेदवारको टुङ्गो लगाएका छन्।

उपनिर्वाचनमा नेकपा एमालेले घरदैलो अभियानसमेत सुरु गरेको छ। एमालेका तर्फबाट उम्मेदवार बनेका राजेश नगरकोटीलाई लिएर एमालेले आफ्ना चुनावी एजेण्डाहरु प्रस्तुत गर्दै मतदाताकहाँ गएको जनाएको छ। त्यसैगरी नेपाली कांग्रेस र माओबादीले पनि आफ्ना उम्मेदवार लिएर मतदाताकहाँ पुगेका छन्।

गत २०७९ वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनबाट सो वडाको वडाध्यक्षमा निर्वाचित ललितबहादुर घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुखमा निर्वाचित भएपछि वडाध्यक्ष पद रिक्त भएको हो। निर्वाचन आयोगको कार्यतालिका अनुसार मंसिर २ गते उम्मेदवारी मनोनयन दर्ता हुनेछ।

नेपाली कांग्रेसले अर्जुन तिवारीलाई उम्मेदवार बनाउने निर्णय गरेको नेपाली कांग्रेस हेटौाडा नगर समितिका सभापति उत्सव इटेनीले जानकारी दिए। नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले राजेश नगर कोटीलाई उम्मेदवारका रुपमा प्रस्तुत गरेको छभने नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले रविन प्रधानलाई उम्मेदवार बनाएको छ।

ठूला दलसँगै नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि उम्मेदवार टुङ्गो लगाएका छन्। पार्टीको वडा, नगर र जिल्ला कार्यसमितिको संयुक्त बैठकले आशा वीरबललाई उम्मेदवार बनाउने निर्णय गरेको रास्वपा हेटौंडा नगर सभापति ध्रुवबहादुर विष्टले बताए। एकीकृत समाजवादीले बलराम बल र राप्रपाले प्रेम लामालाई उम्मेदवार बनाउने निर्णय गरेको छ।

उपनिर्वाचन नजिकिएसँगै सो वडामा चुनावी सरगर्मी पनि बढेको छ। गत निर्वाचनमा प्रमुख तीन दलबीच नै प्रतिस्पर्धा भएको थियो। यसपटक पनि त्यस्तै हुने आकलन गरिएको छ।

## चाडपवको बेला सुरक्षित यात्रा गरौ

### चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन सञ्चालन गरौं।
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं।
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नोकौं।
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं।
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं।
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं।
- दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
हेटौंडा मकवानपुर, नेपाल

## पार्टीभित्र थुप्रिएको फोहोर सफा गर्ने बेला भयो : *महामन्त्री थापा*



चौतारा/नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पार्टीभित्र थुप्रिएको फोहोर सफा गर्ने बेला भएको बताएका छन्।

जिल्ला कार्यसमिति सिन्धुपाल्चोकको कार्यालय बीपी अध्ययन केन्द्र भवनको उद्घाटन तथा नेपाली कांग्रेसका संस्थापक नेता बीपी कोइराला र सिन्धुपाल्चोकका पूर्वसभापतिद्वय स्व.रोहिणीराज सिग्देल र स्व.विकास लामाको सालिक अनावरण कार्यक्रमलाई सम्बोधन गर्दै महामन्त्री थापाले उक्त धारणा राखेका हुन्।

थापाले सबै नेता तथा कार्यकर्ताहरूलाई आपसी गुटबन्दीमा समय खर्च नगरी पार्टी सुदृढीकरणमा जुट्न आग्रहसमेत गरे। उनले हरेक गाउँ टोलसम्मै पार्टीभित्र चरम गुटबन्दी रहेको बताउँदै गुटबन्दी अन्त्य नभए कांग्रेस खुम्चिँदै जाने निश्चित रहेको बताए।

महामन्त्री थापाले राज्यले कृषि क्षेत्रमा लगानी बढाउने गरी नीति अघि सार्नुपर्नेमा जोड दिए। उनले वैदेशिक रोजगारीले जीविकोपार्जन मात्रै भइरहेको बताउादै कृषि क्षेत्रको विकास नभई देश समृद्ध नबन्ने बताए।

## मुलुकको विकासलाई सर्वोपरि मानेर सरकारले काम गरिरहेको छः पोखरेल




भक्तपुर/नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शंकर पोखरेलले मुलुकको विकासलाई सर्वोपरि मानेर सरकारले काम गरिरहेको बताएका छन्। नेकपा एमाले सूर्यवनायक नगर कमिटीको दोश्रो नगर अधिवेशनको उद्घाटन गर्दै उनले पार्टी अध्यक्ष केपी ओली नेतृत्वको संयुक्त सरकारले निराशालाई चिर्दै सकारात्मक सोचका साथ विकास निर्माणका काममा तल्लीन भएको बताए।

उनले भने– 'नेकपा एमालेको नेतृत्वमा सरकार भएपनि पनि एकल निर्णय र एजेण्डा बाकेर हिड्न पाएको छैन, साझा एजेण्डामा सरकार सञ्चालन भइरहेको छ।' राज्य र जनता मिलेर देश बनाउनुपर्नेमा जोड दिँदै उनले राजनीतिक स्थायित्व भएमा देशलाई समृद्धिको मार्गमा डोर्याउन धेरै समय नलाग्ने बताए।

त्यस अवसरमा नेकपा एमाले स्थायी कमिटी सदस्य राजन भट्टराई, पोलिटव्यूरो सदस्य महेश बस्नेत, केन्द्रीय सदस्यहरु सोमप्रसाद मिश्र, निर्मल भट्टराई, गोविन्द दुवाल, बागमती प्रदेश कमिटी अध्यक्ष कैलाश ढुंगेल, जिल्ला अध्यक्ष बचन देउजाले 'एमालेको मिसन ०८४ अभियान'लाई सफल पार्न सबै नेता, कार्यकर्ता एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिए।

# व्यवसायीलाई पनि पेन्सनको ब्यवस्था माग




सन्देश संवाददाता

हेटौंडा/लामोसमयसम्म ब्यवसाय गरेर राज्यलाई कर बुझाउने उद्यागि/ब्यवसायिलाई बृद्वअवस्थामा राज्यले पेन्सनको माग गरिएको छ। राष्ट्र सेवक कर्मचारीले सेवा निबृत्तपछि पाउने पेन्सनजस्तै उद्योगी ब्यवसायीले पनि पाउनु पर्ने माग गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी तिर्थराज चिलुवालले ब्यवसायी आफै कर प्रशासक भएकोले पनि ईमान्दारीपुर्वक काम गर्ने ब्यवसायीलाई कर कार्यालयबाट कुनै समस्या नभएको र अन्डर बिलिङ, बिना बिलको काम गर्ने ब्यवसायीलाई कार्यालयले दुःख दिएको भन्ने आरोप लाग्ने गरेको बताए।

उद्योगी ब्यवसायीले राखेका मागको सम्बन्धमा आफु सकारात्मक रहेको र उनीहरुलाई राज्य सक्षम भएमा पेन्सनको ब्यवस्था गर्न सकिनेमा उनको जोड थियो। प्रजिअ चिलुवालले वर्तमान अवस्थामा नेपालको कर प्राणाली क्रमशः सुधार तर्फ लागेकोले ब्यवसायी आफैले करको बिवरण घरबाटै बुझाउन सक्ने ब्यवस्थाले नेपाल सरकार ब्यवसायीमैत्री कर प्रणाली लागु गर्न खोजेको बताए।

१३ औं राष्ट्रिय कर दिवस २०८१ को अवसरमा आन्तरिक राजश्व कार्यालय हेटौंडामा आयोजित कार्यक्रमका उद्योगि ब्यवसायीले यस्तो माग गरेका हुन्। सप्ताहब्यापी कर दिवसको पहिलो दिनमा उद्योगी/ब्यवसायिक सहितको सहभागितामा बसपार्क, राप्तीरोड, कान्तिराजपथ, सिमाचोक हुँदै आन्तरिक राजश्व कार्यालयसमम्म ऱ्याली पछि शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा नेपाल ब्यापार महासंघ मकवानपुरका अध्यक्ष जगदिश दाहाल, चेम्बर अफ कमर्सका अध्यक्ष माधव न्यौपाने, उद्योग संघ मकवानपुरका अध्यक्ष बद्रीनाथ शर्मा, मकवानपुर उद्योग बाणिज्य संघका अध्यक्ष कृष्णकुमार अग्रवाल, बागमती प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयका श्रीकृष्ण आचार्य, प्रमुख कोष तथा नियन्त्रक दिनेश रेग्मीलगायतले करको दरभन्दा दायरा बढाउनु पर्नेमा जोड दिएका थिए। राष्ट्रिय कर दिवस–२०८१ बिभिन्न कार्यक्रमका साथमा आगामी मंसिर ७ गते समापन हुनेछ।

## कारोबार पारदर्शी बनाउनुस् दुःख पाउनुहुन्नः *सुवेदी*



हेटौंडा/आन्तरिक राजस्व कार्यालय हेटौंडाका प्रमुख कर अधिकृत युक्त सुवेदीले कुनै पनि पेशा तथा व्यवसाय गर्ने व्यक्ति करको दायरामा आउनुपर्नेमा जोड दिएका छन्। राष्ट्रिय कर दिवसको अवसरमा आयोजित कार्यक्रममा उनले हरेक कारोबार सुरु गर्दा अनिवार्य दर्ता, सरोकारवाला निकायमा दर्ता, बिल/बिजक अनिवार्य जारी गर्न र नियमितरूपमा कर दाखिला गर्न व्यवसायीलाई आग्रह गरेका हुन्।

व्यवसायीलाई कारोबारको लेखा प्रतिवेदन पारदर्शी बनाएर असल करदाता बन्न पनि उनले आग्रह गरे। 'लगानी बढ्दा उद्योग र व्यापार बढ्ने हुँदा रोजगारी बढ्छ। रोजगारी सिर्जनाले नागरिकको जीवनस्तरमा सुधार आउँछ,' उनले भने, 'नागरिकको क्रयशक्ति बढेर वस्तु तथा सेवाको खपत बढ्यो भने राजस्वमा वृद्धि हुन्छ। राजस्वमा वृद्धि हुँदा पूर्वाधार निर्माणमा सरकारी लगानी बढ्ने र लगानीले फेरि राजस्व बढाउने गर्छ, जसका कारण देशको आर्थिक अवस्था बलियो हुन्छ।'

दिवसको अवसरमा सम्बोधन गर्दै अधिकृत सुवेदीले हेटौंडाका उद्योगी/व्यवसायीको काम कागजात पुरा भएको अवस्थामा १० मिनेटमा काम सकिने दावीसमते गरे।

## गण्डकी प्रदेश महोत्सव : ४० हजारले गरे अवलोकन

गैंडाकोट/नवलपुरको गैंडाकोटमा सञ्चालन भइरहेको महोत्सवको हालसम्म ४० हजार दर्शकले अवलोकन गरेका छन्। कात्तिक २६ गते उद्घाटन गरिएको महोत्सवमा हालसम्म टिकट काटेर ४० हजार दर्शकले अवलोकन गरेका महोत्सव मूल समिति संयोजक एवम् नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष अमृत भट्टचनले बताए।

महोत्सवमा दर्शकहरुको आकर्षण बढ्दै गएको भन्दै भट्टचनले विशेष गरी अन्डरवाटर फिस टनेल र जनजातिहरुको सांस्कृतिक घर हुँदै मौलिक परिकारको स्वाद लिने दर्शकहरु बढी रहेका बताए। शुक्रबार महोत्सवमा दर्शकहरुको उल्लेख्य सहभागिता रहेको भन्दै अध्यक्ष भट्टचनले शनिबार सार्वजनिक बिदाको दिन भएकाले दर्शकहरुको संख्या अझै बढी हुने बताए। शनिबार



चर्चित गायक रामजी खाँण र गायिका प्रीति आलेसहितका कलाकारको समेत उपस्थिति हुने भन्दै उनले दर्शकहरुको उपस्थिति बढी हुने बताए।

कार्यक्रममा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका वरिष्ठ केन्द्रीय उपाध्यक्ष पशुपति शर्मा, उपाध्यक्ष दीपक खड्का, सहसचिव सीता राना, सृष्टि पौडेल, आयुष्मा केसीलगायतका कलाकारहरुले आफ्नो प्रस्तुति राखेका थिए। त्यसैगरी अन्य संघसंस्था तथा स्थानीय कलाकारहरुले आफ्नो प्रस्तुति राखेका महोत्सवको सांस्कृतिक कार्यक्रम सहसंयोजक किशोर लम्सालले बताए।

महोत्सवको सांस्कृतिक कार्यक्रममा भोलि शनिबार प्रीति आले, रामजी खााण, दीपक खड्का, विमता घर्ती मगर, टीकाराम ढकाल, सृष्टि पौडेललगायतको प्रस्तुति रहने लम्सालले जानकारी दिए। दोस्रो संस्करणको यस महोत्सवमा औद्योगिक तथा व्यापार मेला, हस्तकला मेला, कृषि मेला, पुष्पमेला, अटोमेला, सूचना तथा प्रविधिहरुको प्रदर्शनी, दैनिक उपभोग्य वस्तु तथा घरायसी सामानहरु, लत्ताकपडा, शृंगारका सामानलगायतका तीन सयभन्दा बढी स्टलहरु रहेका मूल संयोजक भट्टचनले जानकारी दिए।

सिंगो गण्डकी प्रदेशलाई मेलामार्फत जोड्न तथा पर्यटन प्रवर्द्धन गर्नका लागि यो महोत्सव आफैमा महत्त्वपूर्ण भएको उहाँको दाबी छ। कात्तिक २६ गते सुरु भएको महोत्सव मंसिर १० गतेसम्म सञ्चालन हुनेछ।

एक लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने लक्ष्य लिइएको महोत्सव प्रवेशका लागि ८० तथा विद्यार्थीको लागि ५० को टिकट एवम् ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको उनले जानकारी दिए। ८० को टिकट काटेर महोत्सव अवलोकन गर्ने दर्शकहरुलाई मौलाकाली केबलकारको टिकटमा ५० प्रतिशत छूट दिइनेसमेत उनको भनाइ छ।

**उखान:** बालुवा निचरेर तेल आउदैन !

**बेलाको बोली**

अझै कुनै ढिला भएको छैन त्यसका लागि जो तिमी बन्न सक्थ्यौ ।

*- जर्ज इलिएट*

## सम्पादकीय

# सांच्चै कि अभियान मात्र ?

बागमती प्रदेशको राजधानी मकवानपुरको हेटौंडा उपमहानगरपालिका लगायतका ४ वटा गाउपालिकाले समेत मादक पदार्थ तथा सुर्तिजन्य पदार्थ बिक्री नियन्त्रण गर्ने अभियान सुरु गरेका थिए । उपमहानगरले सरकारले जारी गरेको सुर्तिजन्य पदार्थ नियन्त्रण एवम् नियमन ऐनलाई टेकेर उपमहानगरले २०७७ मा बनाएको निर्देशिकाका आधारमा सुर्तिजन्य पदार्थ प्रयोग नियन्त्रण तथा नियमन थालेको हो । यसपछिका दिनहरुमा नगरपालिकाले केही समय हल्ला गर्ने र पुनः सेलाउने अभियान नै चलाएको थियो । तर, यस पटक भने हेटौंडा उपमहानगरको १३ औं नगरसभाको दोस्रो बैठकले नगरक्षेत्रमा सुर्तिजन्य पदार्थमा प्रतिबन्ध लगाउने निर्णय गरेअनुरुप उपहानगरले सो अभियान सुरु गरेको थियो । अभियानलाई सफल बनाउन उपमहानगरको उपप्रमुख तथा बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति संयोजक राजेश बानियांको नेतृत्वमा बजार क्षेत्रको अनुगमनलाई तीव्रता दिएका पनि थिए ।

बानियाकै नेतृत्वमा उपमहानगरले गरेको निर्णयको कार्यान्वयनका लागि कडाइसाथ लागु गर्ने र ब्यवसायिलाई सचेत गराउने कार्यमा फिल्डमा खटिएका हुन् । उपप्रमुख बानियाले अनुगमनलाई फितलो बनाउने काम कसैले गर्न नहुने भन्दै गलत गरेको पाइएमा कडा कारबाही गरिने चेतावनीसमेत दिएका थिए भने हाललाई विद्यालय, सरकारी कार्यालय, सार्वजनिकस्थल र धार्मिकस्थललाई विशेष कडाइसाथ हेरिने र अन्य क्षेत्रमा क्रमश अभियानलाई बिस्तार गरिने बताएका थिए । अनुगमनका क्रममा नगरपालिका रोडमै रहेको १४ वटा पसलहरुमा अनुगमन गरिएको थियो । अनुगमनका क्रममा सुर्तिजन्य पदार्थको बिक्री बितरण गरिएका पसलहरुलाई जरिवानासमेत गर्दै पहिलो पटकको लागि थप कारवाहीको दायरामा नल्याईएको हो उपमहानगरले साउन १ गतेबाट सुर्तिजन्य पदार्थ प्रतिवन्धका लागि माइकिङ गरेसंगै सार्वजनिक स्थलमा सुर्तिजन्य पदार्थ प्रयोग नियन्त्रण तथा नियमन थालेको हो ।

सार्वजनिकस्थल विद्यालय क्षेत्र, सरकारी कार्यालय, अस्पताल, स्वास्थ्य केन्द्र, चौकी रहेका क्षेत्रको एक सय मिटर क्षेत्रभित्र सुर्तिजन्य पदार्थ बेचबिखन र प्रयोगमा पूर्ण प्रतिवन्ध लगाउने निर्णय उपमहानगरले यसअघि पनि गरेको थियो । उपमहानगरको निर्देशन नमान्ने जोकोहीलाई २ हजारदेखि २५ हजारसम्म जरिवाना हुने र निषेधित ठाउंबाहेक होटल तथा रेष्टुरांमा "स्मोकिङ जोन" व्यवस्था गर्नुपर्ने व्यवस्था छ । ढिलै भएपनि राम्रो कामको थालनी गरेकोमा हेटौंडा उपमहानगरलाई नगरबासीले धन्यवाद त दिएकै थिए तर यसको निरन्तरता कहां पुग्यो कसले सम्झाउने होला ?

## मकवानपुरमा आज

१: जानकारीमा नआएको ।

## तपाईंको आज

**मेष** सामाजिक जिम्मेवारी प्राप्त हुनेछ । भाग्यले विभिन्न अवसर दिलाउन सक्छ । अध्यात्मभाव जागृत हुनाले परोपकारमा मन जाने उपयुक्त छ ।

**बृष** शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त होला । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ ।

**मिथुन** कामको चाप बढ्नेछ भने वाद–विवादले मन खिन्न तुल्याउनेछ । स्वास्थ्यका लागि व्यायाम र खानपानमा ध्यान पुर्‍याउनु होला ।

**कर्कट** बाध्यात्मक परिस्थितिले सताए पनि मध्याह्नपछि स्थितिमा सुधार आउनेछ । प्रयत्न गर्दा भौतिक सुविधाका वस्तुहरू जुट्नेछन् ।

**सिंह** हल्लाको भरमा अरूको विश्वास गर्दा धोका पाइनेछ । व्यवहारमा समस्या देखिए पनि वादविवादबाट टाढा रहनु होला । साँझदेखि कामको चाप बढ्नेछ ।

**कन्या** हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ । दुश्मनी गर्नेहरूले मित्रताका हात अघि बढाउनेछन् । मिहिनेतले नयाँ अवसर दिलाउन सक्छ ।

**तुला** शुभचिन्तकहरूको साथ प्राप्त हुनुका साथै सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । पढाइको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

**बृश्चिक** परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ । विश्वासपात्रबाट धोका हुन सक्छ, सजग रहनुहोला । समयमा निर्णय लिन नसक्दा काम रोकिन सक्छ ।

**धनु** मध्याह्नपछि स्थितिमा सुधार आउनाले नयाँ कामतर्फ अग्रसर भइनेछ । साथीभाइको सहयोग जुट्नेछ । सुखद समाचारले उत्साह जगाउनेछ ।

**मकर** अध्ययनमा प्रगति हुनेछ । लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्नेछ । सहयोगीहरूले साथ दिनेछन् र चिताएको काम सम्पादन हुनेछ ।

**कुम्भ** सस्तो लाभमा लोभिँदा व्यर्थैमा खर्च हुनेछ । खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ । बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला ।

**मिन** मिहिनेत गर्दा कीर्तिमानी काम सम्पादन हुनेछ । मध्याह्नपछि सरसापटमा धन बाहिरिने सम्भावना छ । आम्दानी रोकिनाले कर्जाको रकम लिनुपर्ला ।

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८०१०६७२३६
बिज्ञापन शाखा : ९८६५१७५१३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# काठमाण्डौ जिल्लाको चिनारी



✍केदारप्रसाद न्यौपाने

काठमाण्डौ जिल्लाको पूर्व भक्तपुर र काभ्रे–पलाञ्चोक जिल्ला उत्तर नुवाकोट र सिन्धुपाल्चोका जिल्ला पश्चिम नुवाकोट, धादिङ र मकवानपुर जिल्ला पर्दछ । दक्षिणमा ललितपुर र मकवानपुर जिल्ला सिमानामा पर्दछ । नामाकरणमा ऐतिहासिक तर्फ हेर्दा लिच्छविकालको पूर्वाद्वसम्म काठमाण्डौ नाम पाइदैन । पशुपति क्षेत्र, मञ्जु पतन आदि नामबाट पुकारिन्थ्यो । प्रशिद्ध लिच्छवी राजा गुणकाम देवले वि.सं १०४३ तिर यस स्थानलाई शहरको रुपमा विकास गरेका थिए, सोपछि मात्र काष्ठमण्डप नाम रहन गएको भनिन्छ ।

यहाँ अर्कोतर्फ काठै–काठको सत्तल निर्माण भएको हुँदा यसलाई काष्ठमण्डप भनिएको छ । 'काष्ठमण्डप' शब्द संस्कृत शब्द हो, यसलाई नेपालीमा रुपान्तरण गर्दा काठमाण्डौ हुन गयो । काठमाण्डौ नै भनियो मल्ल राजाहरुको समयमा काठमाण्डौलाई कान्तिपुर भनिन्थ्यो । कान्ति 'प्रशिद्ध–प्रख्यात' आदि र 'पुर' भनेको शहर हो, त्यसकारण कान्तिपुर भन्दै गर्दा पछि काठमाण्डौ हुन आएर प्रख्यात भएको पाइन्छ । राजा लक्ष्मीनरसिंह मल्ल, शिवसिंह मल्लका नाति थिए । इ.सं. १६४१–सम्म राजा भए, यिनैको समयमा विशेष भने एक तान्त्रिकका अनुसार काष्ठमाण्डप सत्तल निर्माण भएको भनि देवीप्रसाद शर्माले 'आधुनिक नेपालको इतिहास' मा उल्लेख गरिएको पाईन्छ । काठमाण्डौ जिल्लाभित्र प्राचीन सम्पदाहरु प्रशस्तै छन्, पशुपतिनाथ स्यम्भुनाथ, बुढानीलकण्ठ, बौद्धनाथ, गुहेश्वरी, दक्षिणकाली, बज्रयोगिनी, हनुमानढोका, शेष नारायण, ईचंखुनरायण, मच्छेनारायण, मातातीर्थ, गोकर्णेश्वर, बालाजु, बाइसधारा, क्षेत्र आदेश्वर महादेव, टौदह, रानीपोखरी, नागपोखरी र कमल पोखरीलगायतका छन् ।

काठमाण्डौ तत्काल मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत बागमती अञ्चलमध्येको एक जिल्ला थियो । तर, नेपालको राजधानीसमेत भएको मुख्य जिल्ला हो । यक्ष मल्लको स्वर्गारोहणमा उनका माहिला छोराले कान्तिपुरमा वि.सं. १५४१ मा राजा भएका थिए । उनी आइपरेको परिस्थितिअनुकुल काम गर्न सक्ने चतुर राजा थिए । यसअघि भक्तपुर राजधानी गरेर उनका पिता वि.सं. १५३८ सम्म राजा भएका थिए । दाजु राय मल्लसंग मिलेर राज्य गर्दा सन्तोष नभएर कान्तिपुरका महाशत्रुरुलाई दवाएर रत्न मल्ल राजा भएका थिए । यस समयमा नुवाकोट पनि भक्तपुर राज्यभित्र पर्दथ्यो । तर, उनले कान्तिपुरमा सामेल गराए । ललितपुर लिन हर्षपाल र तिनका छोरा जगतपाल शक्तिशाली थिए । यिनीहरुलाई मिलाएर आफ्नो पक्षमा लिए । भक्तपुरका दाजु राय मल्लको राज्य पनि लिने क्रम गर्दै थिए । वि.सं. १५६६ मा उनको मृत्यू भयो तत्काल देउपाटन कान्तिपुर राज्यभित्र पर्दथ्यो । दाजुको लासलाई पशुपतिमा दाह संस्कार गर्न दिएनन्, दाजुभाईबिच संघर्ष थियो । रत्न मल्लले कान्तिपुरमा मुसलमानहरु ल्याएर इन्द्रचोकमा बसालेका थिए । उनीहरुलाई चुरौट पनि भन्दथे, हाल चोखाचे गल्ती भनिन्छ । कान्तिपुरेहरुलाई बिलासिताका सामान प्रयोग गर्न सिकाए । उनी Love of Asts (कला अनुरागी) थिए । उनको पत्नी मालतीदेवीको वि.सं. १५७७ भाद्रमा मृत्यू भयो । दाहसंस्कार गर्दा दशजना रानीहरु सती गएकी थिइन । उनले ३६ वर्ष राज्य गरेका थिए । उनका छोरा सूर्य मल्ल राजा भए तर, मृत्यू भयो । त्यसपछि अमर मल्ल कान्तिपुरका राजा भए । उनका छोरा महेन्द्र मल्ल कान्तिपुरको राजा हुन पुगे । महेन्द्र मल्ली मुद्रा बनाउन सफल भएका थिए । वि.सं. १६३१ मा उनको मृत्यू भयो । सदाशिव मल्लका जेठा छोरा राजा भए । उनी व्यभिचारी कामातुर स्वभावका थिए, तीर्थ गर्न हिडेकी युवतीलाई जवरजस्ती गर्दथे । घर बाहिर कसैको छोरी–बुहारी निस्केमा समातेर आफ्नो इच्छा पुरा गर्ने गर्दथे । यसबाट आफ्नो राज्यको जनता खुसी थिएनन् । मनोहरा खोलातर्फ गएको समयमा धुलो हुने गरि पिटेर राज्यभन्दा बाहिर धपाइयो र भक्तपुर राज्यमा पुग्दा त्यहाँ पनि उनको आनी–बानी थाहा पाएर दरवारको एक चौकमा लगेर थुनियो र एकजनालाई छोडि दिन अनुरोध गर्दा भागेर बेपत्ता भएका थिए ।

शिवसिंह मल्लपछि हरिहर सिंह थिए । उनको पनि छोटो समयमा मृत्यू भयो । उनकी पत्नी लालमती थिइन्, उनका दुई छोरा थिए । एक लक्ष्मीनरसिंह मल्ल कान्तिपुर र सिद्धिनर सिंह मल्ल पाटनका राजा भएकाले दाई लक्ष्मीना–राय सिंह दरवार छोडेर अन्यत्र बस्न थालेकोले फकाएर हजुरबाले कान्तिपुरको राजा बनाए । वि.सं. १६९६ मा उनका छोरा युवराज प्रताप मल्ललाई भारदारहरु मिलेर ललितपुर आक्रमण गर्न लगाए । तत्काल राजा सिद्धिनरसिह मल्ल पाटनको कृष्ण मन्दिर निर्माण सम्पन्न गरेर ४० दिने कोटिहोम गरि रहेको हुँदा ललितपुरका धेरै रैतीहरु एक जुट भएर कान्तिपुर फौजलाई प्रतिकार गरि धावा बोल्दा ज्यान जोगाउने प्रयासमा भागा–भाग गरेका थिए । लक्ष्मी नरसिह धार्मिक प्रवृत्तिका थिए । चाँगुनारायणको दैनिक पुजा–प्रसादका लागि जग्गा गुठी राखिदिए । वि.सं. १६९० मा दरवारभित्र त्रिशुल चौकमा अग्निशाला निर्माण गराए । कान्तिपुरको मखनको शिवालयमा पुजा प्रसादका लागि जग्गा गुठी राखिदिए । हनुमान ढोकाको सामुन्ने जगन्नाथ मन्दिर निर्माण गराए । काष्ठ–मण्डपको पुरा वि.सं. १२०० मा संगिति नामको हस्तलिखित पुस्तकमा लेखिएको प्रमाण छ । लक्ष्मीनरसिहलाई वि.सं. १६९८ मा छोरा प्रताप मल्लले नै कैदी बनाए । वि.सं. १७ १४ मा उनको मृत्यू भयो । प्रताप मल्ल १८ वर्षकै उमेरमा वि.सं. १६९८ मा राजा भएका थिए । प्रताप मल्लले ललितपुरमा आक्रमण गर्दा अपमानजनक पराजय भोगेका थिए । प्रताप मल्लले गोरखा र मकवानपुर संग सम्बन्ध राखे । गोरखासंग सम्बन्ध राम्रो भएन । काठमाण्डौं उपत्यका सबै कान्तिपुरमा समाबेश गर्न चाहन्थे । इमान्दार काजी भीम मल्लको हत्या गरे । भीममल्लकी रानीले नेपाल दरवार को कहिल्यै भलो नहोस् भनी श्राप दिएर सती गएकी थिइन । प्रताप मल्ल साहित्य संगित प्रति झुकाव थियो । दरवारमा शैव तान्त्रिक स्वामी ज्ञानन्द, बौद्ध तान्त्रिक जमुना गुभाजु र दक्षिण भारतबाट आएका लक्ष्वकर्ण भट्टलाई सम्मानका साथ राखेका थिए । उनले नै रानीपोखरी निर्मार्ण गराए । उनमा अतभुत कामुकता थियो र बिलासिता पनि थिए । उनले तीनसय रानीहरु राखेका थिए । नौजना त देखिनैरुपमै थिए । उनले रजस्वला नभएकी एक कन्यासंग यौन सम्पर्क राख्दा कन्याको मृत्यू भएको थियो । त्यसैको प्रायश्चितका लागि तीन महिना पशुपतिमा गएर तपश्यारत बसे ।

पत्नीहरु धेरै भएकोले छोरा/छोरीहरु प्रसस्तै थिए । त्यसपछि नृपेन्द्र मल्ल राजा भए । मकवानपुरे राजा शुभसेनलाई राजकीय सम्मान दिंदा हात्ती उपहार पाएका थिए । वि.सं. १७३७ मा नृपेन्द्रको मृत्युभयो । त्यसपछि पार्थिबेन्द्र मल्ल राजा भए । वि.सं. १७४४ मा खानेकुरामा विष हालेर लक्ष्मी नारायण जोशीले राजा पार्थिबेन्द्र मल्ललाई मारिदिए । वि.सं. १७४९ मा पार्थिबेन्द्र मल्लको मृत्यू भयो । आठ वर्षका भुपतेन्द्र मल्ललाई राजा बनाएका थिए । यहि मल्ल राजा भए । उनका मैही पतेन्द्र मल्लका रानीहरुसहित उनलाई कैद गरियो । वि.सं. १७५७ मा तीर्थाटन गर्न अयोध्या नज्दिक मृत्युभयो । भास्कर मल्ल चार बर्षमा राजा भएका थिए । भास्कार मल्लले वि.सं. १७५८ मा भक्तपुरमाथि आक्रमण गर्न ललितपुरलाई मिलाउन खोजे ।

तर, सन्धी भएर टऱ्यो । भास्कार मल्ल कान्तिपुरको मात्र हैन ललितपुरको पनि राजा ५ बर्ष भए । वि.सं. १७७९ मा राजा भास्कर मल्लको मृत्यू भयो । त्यसपछि जगजय मल्ल कान्तिपुरका राजा भए । भास्कर मल्ल राजा भएता पनि भारदर र मन्त्रीहरुले मञ्जुर नगरी रहंदा वि.सं. १७९२ मा उनको मृत्यु भयो, त्यसपछि जयप्रकाश मल्ल राजा भए । ईतिहासमा उनको विबादस्पद चरित्र भयो । वि.सं. १७९६ मा नुवाकोटमा गोरखाका राजा नरभुपाल शाहले आक्रमण गरिदिए तर, गोर्खाली कै हार भयो । उनका छोरा पृथ्वीना–रायण शाहले पुन नुवाकोटमाथि १७९९ मा आक्रमण गरे । तर, गोर्खाली कै हार भयो । पुनः १८०१ मा गोरखाली फौजले कान्तिपुरे फौजलाई हराइ विजय हासिल गऱ्यो । वि.सं. १८२५ असोज १३ गते गोर्खालीले कान्तिपुरमाथि आक्रमण गरी विजय भएकोले जयप्रकाश मल्लको शरणमा ललितपुर पुगे । मुख्य नदी नालाहरुमा मूख्य नदी वागमती हो । अन्यमा विष्णुमती, शाली नदी, मनमती, धोवीखोला, टुकुचा, पोखरे–खोला, नाङले भारेखोला, नारायण खोला, घट्टेखोला, काभ्रे खोला, महादेवखोला, साङ्ला–खोला, बोसनखोला, सामाखुशी खोला, बल्खुखोला, मनोहराखोला र दक्षिणकाली आदि छन् । रानी पोखरी, कमल पोखरी, सात मुले, नैमुले, तौथली, टौदह, मातातीर्थ, मच्छेनारायण शेषनारायण आदी कुण्डहरु छन् ।

प्रसिद्ध स्थानहरुमा: पशुतिनाथ, हनुमान ढोका, रानीपोखरी, सुन्धारा, स्वयम्भू, सुन्दरीदल, सेतीदेवी, टल्कु डुडेचौर, बुढानिलकण्ठ, दक्षिणकाली । रत्नपार्क पार्कहरुमा, रत्नपार्क बालाजुपार्क, फर्पिङ विद्युत्गृह पार्क, शिवपुरी, गणेशमान शान्ति बाटिका, चोभार क्षेत्र, किनायक पार्क, जरसिंह पौंवा, त्रिभुवनपार्क, शंखपार्कसहित निजामती पार्क, सुन्दरीजल, दक्षिणकाली, टोख बलम्वु वन, कार्तिक भञ्ज्याङ, हात्तीवन डाँडा, स्विजरल्याण्ड पार्क, ईचखुनारायण भ्युटावर, गोलढुङगा, भ्युटावर, विश्वसम्पदामा सूचिकृत, पशुपतिनाथ, हनुमान ढोका, स्वयम्भुनाथ, बौद्धनाथ आदी छन् ।

तत्कालमा उपत्यकाको नगरपालिका काठमाण्डौ नगरपालिका र कीर्तिपुर नगरपालिका र बाँकी गाविसहरुमा आलापोट, वाडभञ्ज्याङग, बज्रयोगिनी, बलम्वु, बालुवा, भद्रवास, भिमढुङ्गा, बिष्णु बुढानिलकण्ठ, चाल्नाखेल, चपली भद्रकाली, छैमले, दहचौक, चुनीखेल, डाँछी, दक्षिणकाली, धापासी, धर्मस्थली, कुटुङ, गागल फेदी, गोकर्णेश्वर, गोगबु, गोठाटार, इचंखुना–रायण, इन्द्रायणी, जोर महाङ्काल, जीतपुर फेदी, जोरपाटी, काभ्रेस्थली, कपन, खड्का भद्रकाली, लप्सेफदी, मच्छेगाउँ, महादेव स्थान, महाकाल, मनमैजु, मातातीर्थ, मूलपानी, नाङगा भारे, नैकाप नयाँ–भञ्ज्याङ, नयाँपाटी, पुखुलाक्षी, रामकोट, साङगला, सेतिदेवी, सतुङगल, स्थुचाटार, शेषनारायण, सितापाइला, सुन्दरीजल, सुनटोल, टल्कु डुडेचौर, थानकोट तीनथाना, टोखा चण्डेश्वरी, टोखा सरस्वतीलगायत ५९ वटा गाविसहरु थिए ।

हाल काठमाण्डौ महानगरपालिका वडा ३२ क्षेत्रफल ४९.४५ वर्ग कि.मि., काभेश्वरी मनोहरा नगरपालिका वडा १२ क्षेत्रफल २७.३८ वर्ग कि.मी, कीर्तिपुर नगरपालिका १० वडा क्षेत्रफल १४.७६ वर्ग कि.मी, गोकर्णेश्वर नगरपालिका वडा नं. ९ क्षेत्रफल ५८.५० वर्ग कि.मी, चन्द्रागिरी नगर पालिका वडा १५ क्षेत्रफल ४३.९२ वर्ग कि.मी, टोखा नगरपालिका वडा ११ क्षेत्रफल १७.११ वर्ग कि.मी, तारकेश्वर नगरपालिका वडा नं. ११ क्षेत्रफल ५४.९५ वर्ग कि.मी., दक्षिणकाली नगरपालिका वडा ९ क्षेत्रफल ४२.६८ वर्ग कि.मी, नागार्जुन नगरपालिका वडा १० क्षेत्रफल २९.८५ वर्ग कि.मी, बुढानिलकण्ठ नगरपालिका वडा १३ क्षेत्रफल ३४.८० वर्ग कि.मी र शङ्खरापुर नगरपालिका वडा ९ क्षेत्रफल ६०.२१ वर्ग कि.मी. रहेको छ ।

श्रोतहरु :
१. सूचना विभाग नेपालका सम्पदाहरु २०५६
२. प्रा.डा.रामप्रसाद उपाध्याय नेपालको प्राचीन र मध्यकालीन इतिहास
३. नेपाल राजपत्र भाग-४ मिति २०७३ फाल्गुण २७ गते

# छारे रोगले निम्त्याउने स्वास्थ्य संकट



✍डा राजीव झा

हाम्रो मस्तिष्कमा करोडौं स–साना नसाका न्यूरोनहरुको प्रवाह भएको हुन्छ । तिनै नसाले हाम्रो शरीरका जति पनि अङ्गहरु छन्, तिनको सञ्चालन गरेका हुन्छन् । मस्तिष्कलगायत स्नायु प्रणालीका अङ्ग विद्युतीय तरङ्ग जस्तो प्रतिक्रियाबाट चलेको हुन्छ । शरीरका विभिन्न अङ्ग चल्दा पनि फरक फरक विद्युतीय तरङ्गले काम गरेको हुन्छ । शरीर सञ्चालन गर्ने वा रोक्ने तिनै विद्युतीय तरङ्गमा सन्तुलन नभएमा मानिस बेहोस हुने, कुनै अङ्ग नचल्ने वा अन्य असामान्य अवस्था सिर्जना हुने हुन्छ । कतिपय अङ्गका कामहरु हामीले देख्न, अनुभव गर्न सक्छौं भने कतिपय देख्न र अनुभव पनि गर्न सकेका हुंदैनौं । केही कारणले त्यो प्रवाहमा अवरुद्ध भयो भने त्यहाँ असामान्य अवस्था हुन्छ र त्यसले अस्वाभाविक तरङ्ग पैदा गर्छ । त्यसले शरीरको कुनै भागमा झड्का हुने वा पूर्णरुपमा बेहोस हुने गर्दछ, त्यसलाई नै हामी छारेरोग भन्ने गर्छौं । मस्तिष्कको जुन भागको नसामा छारे रोगको असर पर्छ त्यही भागमा लक्षण देखिने गर्दछ ।

छारे रोग भनेको मस्तिष्कबाट उत्पन्न हुने एक प्रकारको रोग हो । यस रोगमा मस्तिष्कमा क्षणिक खराबी उत्पन्न हुँदा होस हराउने, लड्ने, बेहोस हुने, कम्पन हुने, चोटपटक लाग्नसक्ने हुन्छ । छारेरोगमा बेहोसै हुनुपर्छ भन्ने छैन । यस्ता बिरामीको कुनै अङ्ग अस्वाभाविकरुपमा चल्ने, आँखा फर्फराउने, कोही बेहोस नै हुने हुन्छन् । कतिपयले जिब्रो टोक्ने, आँखा बाङ्गिने, मुखमा फिज आउने, ऱ्याल आउने, ओठ टोक्ने, घाँटी बटार्ने, शरिर काठजस्तै कडा बनाउने गर्छन् । कतिपय क्षणमा दिसा पिसाबसमेत नियन्त्रणमा हुँदैन । सामान्यतया: यस्तो अवस्था २०–३० सेकेण्ड रहन्छ र विस्तारै पहिलेकै अवस्थामा आउँछन् ।

नेपालमा कति मानिस यस रोगबाट ग्रसित छन् भन्ने यकिन तथ्याङ्क छैन । विश्व स्वास्थ्य संगठनले कुल जनसंख्याको एक प्रतिशतलाई छारे रोग हुन्छ भनेको छ । त्यस आधारमा नेपालमा साढे तीन लाखभन्दा बढी छारे रोगका बिरामी रहेको अनुमान गर्न सकिन्छ । विश्वभरि ५० मिलियन मानिसलाई छारे रोग छ । त्यसको ८० प्रतिशत समस्या हाम्रो जस्तो देशहरूमा छ । छारे रोग विश्वमा नसासम्बन्धी रोगहरुमध्ये पहिलो स्थानमा रहेको छ । नेपालमा छारेरोग ठूलो जनस्वास्थ्य समस्याको रुपमा रहेको पाइन्छ । छारे रोगकै कारण कतिपय बालबालिकाले बीचमै विद्यालय छाडेका छन् भने कतिपयले रोजगारी गुमाएका छन् । अझ महिलाहरुमा यो जटिलता अझ बढी रहेको पाइन्छ । बिबाह नै नहुने, भइहाले पनि पारिवारिक विचलन आउने गरेको देखिन्छ ।

नेपालमा छारेरोग भएकामध्ये ७० प्रतिशत मानिसले उपचारबाट बञ्चित छन् । जबकि, उपचार गरियो भने छारेरोग लागेकामध्ये ७० प्रतिशतको रोग निको हुन सक्छ भने बाँकी ३० प्रतिशत बिरामीले आफूलाई छारेरोग भएको पत्तो नै पाएका छैनन् । उनीहरुलाई औषधिको सेवनबाट रोगलाई नियन्त्रणमा राख्न सकिन्छ । कतिपय बिरामी चिकित्सकको सम्पर्कमा आउन नचाहने हुन्छन् । अझै पनि गाउँघरमा यसलाई लुकाउने, झारफुक गर्ने जस्ता प्रवृत्ति छ । कति बिरामीले आफूखुसी औषधि छोड्ने गर्दा पनि रोग निको हुन गाह्रो हुन्छ । यसबारे जनचेतना, विज्ञ र उपचारको सहज पहुँच नुहँदा यो गम्भीर

यो रोग यति नै उमेर समूहको मानिसमा लाग्छ भन्ने छैन, मान्छेको जन्मदेखि अन्तिम अवस्थासम्म पनि छारेरोग हुनसक्छ । किनकी यो रोग मस्तिष्कको विकारका कारण हुने गर्दछ । खासगरी १२ वर्षदेखि ४० वर्षसम्मको उमेर समूहलाई यसले बढी देखिएको छ । कतिपय व्यक्तिमा जन्मजात नै मस्तिष्कमा अनेक दागहरु हुन्छ । बच्चाको दिमागमा अक्सिजन नपुग्ने, दिमागमा जुकाको कारण हुने संक्रमण, क्षयरोग वा प्यारासाइटर भएमा, मस्तिष्क रक्तश्राव वा मस्तिष्कघात हुँदा पानी जमेमा, ट्यूमर भएमा, चोट लागेमा छारेरोग हुने उच्च सम्भावना रहन्छ । यस्ता बिरामीलाई शल्यक्रियाबाट निको पार्न सकिन्छ ।

यस्ता लक्षणहरूको आधारमा बिरामीको परीक्षण हुन्छ र त्यसकै आधारमा उपचार गरिन्छ । नियमितरूपमा औषधि प्रयोग गरेमा ७० देखि ८० प्रतिशत निको हुन्छ । छारे रोगलाई लापरबाही भने गर्नु हुँदैन । यसले अन्य जटिल अवस्था ल्याउन सक्छ । सामान्यतः छारे रोगले मानिसको ज्यानै लिने नभए पनि यसले बिरामीको व्यक्तिगत, पारिवारिक र सामाजिकरुपमा निकै ठूलो असर पारेको हुन्छ र उनीहरुको व्यक्तित्व विकासमा अवरोध सिर्जना गर्दछ । यस्ता बिरामीलाई एक्लै बाहिर जान नदिने, अन्य व्यक्तिसरह जोखिमपूर्ण काममा नलगाउने जस्ता कारणले उनीहरु थुप्रै अवसर हरुबाट बञ्चित हुनु पर्दछ ।

सबैभन्दा पहिले त औषधिबाटै छारे रोगको उपचार गरिन्छ । औषधिको सेवनले पनि निको भएन भने शल्यक्रियामार्फत् पनि उपचार गरिन्छ । यसमा दुईवटा परीक्षणबाट रोगको पहिचान गरी शल्यक्रिया गर्न मिल्छ कि मिल्दैन भनेर थाहा पाउन सकिन्छ । पहिलो मस्तिष्कको एमआरआई हो । दोस्रो इइजी अर्थात् मस्तिष्कको चाल हेर्ने । यी दुवै परीक्षणबाट ७५ देखि ८० प्रतिशत मात्र कारण पत्ता लाग्न सक्छ । अझै २५–३० प्रतिशतमा के कारणले छारेरोग लागेको हो भन्ने थाहा हुन सकेको छैन । यस्ता खालका बिरामीलाई लामो समयसम्म छारेरोगको औषधि खुवाउनुपर्छ । उनीहरुलाई दुई वर्षसम्म औषधि दिएर त्यसको प्रभाव हेरेपछि विस्तारै बन्द गर्ने गरिन्छ । कतिपयमा दोहोरिएको पनि छ । त्यसरी दोहोरिएको अवस्थामा उनीहरुले जीवनभर नै औषधि खानुपर्ने हुन्छ ।

औषधिले पनि निको नभए भिएनएस (भेगर्स नर्भ स्टिमुलेशन) प्रविधिबाट उपचार गरिन्छ । भिएनएस भन्नाले एक किसिमको उपकरण हो, जसलाई सामान्य शल्यक्रिया गरी शरिमा जडान गरिन्छ । यो प्रविधि निकै महंगो छ । नेपालमा सामान्यतः यसको मूल्य १३/१४ लाख रुपैया पर्न आउँछ । विश्वमा यस प्रविधिको विकास भएको दुई/तीन वर्ष मात्रै भएको छ भने नेपालमा भित्रिएको थोरै समय मात्रै भएको छ । हाल यो सुविधा बीर अस्पताल, अन्नपूर्ण न्यूरो अस्पताल र नर्भिक अस्पतालमा मात्रै उपलब्ध छ । छारे रोगका बिरामीले नियमित औषधि खानुपर्ने भएकाले सरकारले सकेसम्म निःशुल्क उपलब्ध गराउन पहल गर्नुपर्ने, त्यसो नभए पनि केही अनुदान दिन सके विपन्नवर्गाका जनतालाई सहज हुनेछ ।

*बच्ने कसरी ?*

कुनै पनि रोग लागेपछि उपचार गर्नुभन्दा लाग्नै नदिनु नै सबैभन्दा उपयुक्त बाटो हो । तर यसो भन्दैमा सबै मानिस निरोगी हुन्छन् भन्ने पनि होइन । अन्य रोगजस्तै छारे रोगबाट पनि मानिस ग्रसित हुने गर्दछ । छारेरोगबाटबच्नका लागि केही उपायहरुमा ध्यान दिन सकिन्छ ।

- गर्भावस्थामा र बच्चा जन्मिने बेला विशेष ध्यान दिनुपर्छ । यस्तो बेला बच्चाको मस्तिष्कमा चोट लाग्नसक्छ र त्यसले पछि बच्चा छारेरोगी हुन पुग्छ ।
- रक्सीको सेवन गर्ने व्यक्तिमा यो रोग लाग्ने सम्भावना उच्च हुन्छ । रक्सीसेवन गरेपछि जहाँसुकै लड्ने हुँदा मस्तिष्कमा चोट लाग्नसक्छ र त्यसले छारेरोग हुन सक्छ ।
- सवारीसाधन चलाउँदा सावधानीपूर्वक चलाउनुपर्छ । कुनै दुर्घटना हुँदा टाउकोमा चोट लाग्न गएमा रक्तश्राव वा रगत जम्न गई छारे रोग हुने सम्भावना रहन्छ ।
- छारेरोगबाट बचने अर्को उपाय भनेको पक्षघातबाट बच्नु भनेको पनि हो । त्यसैले पक्षघातबाट बच्न राम्रो खानपान, व्यायाम गर्ने, मोटोपन घटाउनुपर्छ ।
- मधुमेह तथा उच्च रक्तचाप हुनबाट बच्न सके पनि छारेरोगको जोखिम धेरै हदसम्म कम हुन्छ ।

*अरुको भूमिका कस्तो हुनुपर्छ ?*

छारेरोग जोकोहीलाई पनि हुनसक्ने हुँदा उनीहरुलाई मित्रवत् व्यवहारको खांचो पर्दछ । उनीहरुमा उच्च मनोबल ल्याउनु पर्छ । छारे रोगको समस्या भएको मानिसले त्यसलाई नियन्त्रण गर्न सक्दैनन् । केहीजानी बिरामी ढलेको छ भने उसको वरपर भएको चोट लाग्ने वस्तुलाई हटाई दिनुपर्छ, ताकी टाउकोमा चोट लाग्न नपाओस् । परिवार वा समाजमा कसैलाई छारे रोगको लक्षण देखिएमा चिकित्सककोमा लैजानु पर्दछ । मस्तिष्कका कतिपय भाग शल्यक्रिया गर्न नमिल्ने किसिमका हुन्छन् । त्यस्तो ठाउँमा शल्यक्रिया गर्दा रोग निको भए पनि मान्छेको बोली बन्द हुने, कान नसुन्ने, सोच्न नसक्ने जस्ता अनेक समस्या आउन सक्ने भएकाले चिकित्सकले विशेष ध्यान दिनुपर्छ । त्यसैले औषधि, परामर्श र शल्यक्रियाबाट छारे रोगको उपचार हुन्छ ।

*साभार : सौर्यअनलाइन*

# बाली लगाउने बेला सधैं बीउकै चिन्ता



महोत्तरी/जब नयाँ बाली लगाउने बेला भयो, महोत्तरीका किसानलाई बीउको चिन्ता हुन्छ। मौसम र बेलाअनुसार अहिले गहुँ छर्ने तयारी गर्ने बेलामा बीउ के गर्ने भन्ने चिन्ताले यहाँका किसान पिरोलिदैछन्।

'बेलामा बीउ पाइने ढुक्कका दिन जिन्दगीमा कहिल्यै आएनन्', बर्दिबास–९ पशुपतिनगर बनर भुल्लाका किसान महेन्द्र महतो बिरक्तिदै भन्छन्, 'सधैं बाली लगाउने बेला भयो कि यसैको चिन्ता !' अब सामान्यत बेलैमा गहुँ छर्न पाईंदा मङ्सिर २२ भित्र सक्नुपर्ने हुँदा अहिलेदेखि नै बीउको चिन्ता परेको उनी बताउँछन्।

कुनै बालीका लागि नठगिने बीउ पाउने ठाउँ आफूहरूले नपाएको किसानको गुनासो छ। 'धान होस् कि मकै वा गहुँ, आलु होस् कि अरू कुनै तरकारीका बीउ, यो चाहिँ भर पर्दो हो भनेर चित्त बुझाएर लिन पाइदैन', महेन्द्रकै छिमेकी अर्का किसान भोला महतो भन्छन् , 'सब भगबान् भरोसे !'

जिल्लाका स्थानीय तहहरूमा कृषि शाखा रहने व्यवस्था भए पनि बाली लगाउने तुक (ठीक बेला) मा नियमित रुपमा बीउ पाइने अवस्था नभएको किसान बताउँछन्। 'कुनै कुनै साल त अनुदानको बीउ आ'को छ भन्ने सुनिन्छ, दौडादौड गर्ने कतिले थोरतिन पाउँछन्, फेरि दुई/चार बर्ष ती निदाउँछन्', स्थानीय तहका कृषि शाखाबारे टिप्पणी गर्दै गौशाला–११ का किसान अरुण कुशवाहा भन्छन् , 'यो अनुदानको हल्ला पिटिनुभन्दा भरपर्दो बीउ उचित मूल्य तिरेर आवश्यक मात्रामा पाउने सुनिश्चितता भए ढुक्क त हुइथ्यो।' किसानलाई अनुदानको बीउ कहिले आउँछ भन्नेभन्दा राम्रो बीउ उचित मूल्यमा खोज्दा पाइने भए राहत हुने कुशवाहा बताउँछन्।

आफ्ना ठाउँ र बजारमा बीउ नपाउँदा महोत्तरीका अधिकांश किसान भारतीय बजारमा निर्भर छन्। उताबाट (भारतीय बजार) ल्याइएको बीउमा कैयौं पटक ठगिएको किसानको अनुभव छ। तर, आफू कहाँ कुनै भर नहुँदा जेजस्तो पाइए पनि भारतीय बजार नै जानपर्ने बाध्यता रहेको बलवा–१० रौजाबजारका मंसुल कबारी बताउँछन्। 'मकै र तरकारीका बीउ त भारतीय बजार कै भर हो, कबारी भन्छन्, 'आलु र उखु चाहिँ अझै यता पाइदैछ, धान र गहुँका लागि पनि बाक्लै भारत गएका छौं।'

कैयौं पटक भारतीय बजारबाट ल्याइएको बीउमा पनि ठगिएको उनी सम्झिन्छन्। 'धैरैजसो मकैको बीउमा यस्तो भएको छ, कति नउम्रने, कति घोगा नलाग्ने, तर यो व्यथा कसले सुनीदिने ?' निराशा पोख्दै उनी भन्छन्।

यहाँका किसानलाई एक दशक पहिलेसम्म जिल्ला कृषि विकास कार्यालय र जिल्लाका ठाउँठाउँमा रहेका कृषि सेवा केन्द्र र उपकेन्द्रको सेवा बरु सम्झना हुन्छ। 'कहिलेकाहीं नमूना भनेर बीउ पनि दिन्थे, बाली हेर्न आइदिनोस् भन्दा जेटी/जेटिए आइदिन्थे, सल्लाह पाइन्थ्यो', रामगोपालपुर–२ का किसान कादिर हुसैन पुराना दिन सम्झादै भन्छन्, 'खै गाउँमा सिंहदरबार आयो भन्छन्, हामी किसानका सहुलियतका दिन चाहिँ आएनन्।'

जिल्लाका १५ स्थानीय तहमध्ये एकाधमा मात्र कृषि शाखा व्यवस्थित छन्। धैरैजसो स्थानीय तहमा कृषिसम्बद्ध कर्मचारी छन् छैनन् ? सर्बसाधारण किसानले थाहा नै पाउँदैनन्। कृषि शाखा सञ्चालनको मुख्य जिम्मेबारी भए पनि स्थानीय तहका नेतृत्वकर्ताको प्राथमिकतामा कृषि नपर्दा आम किसानले परिबर्तनको अनुभूति सँगाल्न नसकेका कृषिक्षेत्रको सरकारी सेवामा सहसचिव पदबाट अवकाश लिएका भङ्गाहा–५ सीतापुरका बासिन्दा कृषिविज्ञ रामबहादुर भुजेल बताउँछन्।

किसानले राहत पाउन वा कुनै सल्लाह लिन पनि कृषि प्राविधिक नभेटाउने गरेका आम गुनासो छ। जिल्लाको मुख्य पेसा र निर्भरता खेतीमै भए पनि जिम्मेवार तह र व्यक्तिको प्राथमिकतामा यो नपर्दा कृषिक्षेत्र दिनदिनै उपेक्षित हुँदै गएको जिल्लाकै हतिसर्वा सग्रामपुरका बासिन्दा सरकारी सेवाबाट निवृत्त अर्का कृषिविज्ञ जासर यादवको प्रतिक्रिया छ।

कृषि विषय र शीर्षकमा संघीय र प्रदेश सरकारका बजेटमा रकम बिनियोजित भए पनि नाङ्गा खुट्टाका गरिब किसानले त्यसबाट अवसर पाउँदैनन्। ती रकम कागज मिलाएर टाठाबाठाले नै हात पार्ने गरेका अगुवा किसान बर्दिबास–६ चौलिखाका पर्शुराम ठाकुर बताउँछन्।

कृषिक्षेत्रको यो अव्यवस्था चिर्न मुख्य रुपले स्थानीय तहहरु नै जिम्मेबार हुनुपर्ने अगुवा किसानको सल्लाह छ। स्थानीय तहहरुले व्यवस्थित कृषि शाखा सञ्चालन गरे संघीय र प्रदेश सरकारका कृषि शीर्षकका रकम समुचित ठाउँमा पुग्ने बातावरण पनि बन्नसक्ने ठाकुरको सुझाव छ।

आम किसान भने आफ्नो सरकार र आफ्ना प्रतिनिधि रहेको अनुभूति सँगाल्न समयमा कृषि ज्याबल, बीउबिजन, मलखाद र सहुलियत कृषि ऋणसँगै चाहिएको बेला प्राविधिक सरसल्लाह पाइने दिन पर्खिएको बताउँछन्।

# शनिबारदेखि २० हलबाट 'पूर्णबहादुरको सारंगी' उतार्ने निर्णय

काठमाडौं/'पूर्णबहादुरको सारंगी'का निर्माताले प्रदर्शकले उपलब्ध गराएको कलेक्सन रिपोर्टमा असन्तुष्टि व्यक्त गर्दै मोफसलका विभिन्न २० हलबाट फिल्म उतार्ने निर्णय गरेका छन्।

शुक्रबार बेलुका विज्ञप्ति जारी गर्दै निर्माता कम्पनी सेभेन सिजले बिराटनगरको अरुण हल, जनकपुरको निलम सिनेमाज, लालबन्दीको बिना हल, गोरखाको गोरखा हल, वर्दिवासको वर्दिवास हल, मोरङको विराटचोक हल, इनरुवाको सीवी हल, बहरथवाको दीपक हलमा फिल्म उतार्ने निर्णय गरेका छन्।

बिराटनगरको हिमालय हल, दोलखाको चरिकोट हल, राजगढको एभरेस्ट हल, धनकुटाको धनकुटा हल,



पाँचथरको फिदिम हल, नुवाकोटको त्रिशुली, इलामको इलाम हल, महेन्द्रनगरको लभकुस हल, त्रिमुत्री हल, जनकपुरको गिरिराज हल र दमकको पाथीभरा हलमा पनि उतार्ने जनाइएको छ। ती हलमा फिल्म हाउसफूल अकुपेन्सीमा प्रदर्शन भएपनि र निर्माता ग्रस कलेक्सनको रिपोर्ट उपलब्ध गराए पनि उक्त रिपोर्टमा असहमति जनाउँदै शनिबार देखि फिल्म उतार्ने निर्णय भएको विज्ञप्तिमा उल्लेख छ। फिल्म उतार्ने निर्णय गरिएका यी हल अधिकांश सिंगल स्क्रिन छन्।

# एकैदिन ८३ जना शिक्षकलाई दीर्घसेवा सम्मान

भक्तपुर/राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएसन नेपाल (नेशनल प्याब्सन) भक्तपुरले शनिबार एकैदिन ८३ जना शिक्षक-शिक्षिकालाई दीर्घसेवा सम्मान प्रदान गरेको छ। नेशनल प्याब्सन भक्तपुरको डोलेश्वरमा आयोजित नवौं वार्षिक साधारणसभामा संस्थामा आबद्ध जिल्लाका विभिन्न विद्यालयमा बिगत १० वर्षदेखि अनवरतरूपमा सेवा गरेका शिक्षक-शिक्षिकालाई दीर्घसेवा सम्मान प्रदान गरेको हो।




साधारणसभाको उद्घाटन सत्रमा बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापाले ८३ जना शिक्षक-शिक्षिकालाई दोसल्ला ओढाएर दीर्घसेवा सम्मान वितरण गरे। कार्यक्रममा मन्त्री थापाले शिक्षासँग स्वास्थ्यलाई पनि जोडेर लैजानुपर्नेमा जोड दिँदै शिक्षक तथा विद्यार्थीलाई स्वस्थ राख्न विद्यालयले स्वास्थ्य शिविरलगायत कार्यक्रम विद्यालयमै गर्नुपर्ने औंल्याए।

उनले भने, "प्रत्येक विद्यालयले वर्षमा कम्तीमा पनि एउटा स्वास्थ्य शिविरको आयोजना गर्नस्, विद्यार्थीलाई स्वस्थ राख्नुस्, त्यसका लागि प्राविधिक सहयोग हामी गर्छौं, भक्तपुर अस्पताल, सूर्यविनायक नगर अस्पतालबाट सेवा प्रवाह गर्छौं, प्रत्येक विद्यालयमा यो अभियान चलाउनुस्।"

अब भक्तपुरका जनताले सस्तो र सहजरूपमा सिटिस्क्यान सेवा पाउने उल्लेख गर्दै उनले प्रदेश सरकारले १९ करोडको लागतमा सिटीस्क्यान मेसिन भक्तपुर अस्पतालमा जडान गर्न बोलपत्र आह्वान गरिसकेको उनले बताए। भक्तपुर अस्पतालमा सिटिस्क्यान मेसिन राख्न ठाउँ अभाव भइरहेको अवस्थामा भक्तपुर नगरपालिकाले अस्पतालले एक सय वर्ष अगाडिदेखि भोगचलन गर्दै आएको जमिनमा सटर हाल्ने योजना अगाडि बढाएको बताए।

भक्तपुरका जनताले सेवा पाउने विषयमा भक्तपुर नगर पालिकाले सहयोग गर्नुपर्नेमा उल्टै पूर्वाधार भत्काएर आफ्नै संचरना बनाउन खोजेको भन्दै उनले जनताप्रति स्थानीय सरकार उत्तर दायी हुनुपर्नेमा जोड दिए। उनले भक्तपुर नगरपलिकाद्वारा सञ्चालित ख्वप: अस्पतालाई पनि बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले सिटिस्क्यान मेसिन राख्न बजेटको व्यवस्था गरेको बताए।

कार्यक्रममा एन प्याब्सन केन्द्रीय समितिका सहकोषाध्यक्ष विक्रम धुकुछ्छु, केन्द्रीय पदाधिकारी जिबी खड्कालगायतले शिक्षालाई गुणस्तरीय बनाउन शिक्षक शिक्षिकाको भूमिका महत्वपूर्ण हुने भएकाले सम्मानले प्रेरणा प्रदान गर्ने बताए। नेशनल प्याब्सन भक्तपुरका अध्यक्ष एवं कार्यक्रम सभापति सञ्जय खड्काले एउटै विद्यालयमा १० वर्षसम्म सेवा गर्ने शिक्षक शिक्षिकालाई यस वर्षदेखि सुरु भएको सम्मान अब हरेक वर्ष सञ्चालन गर्ने बताए।

उनले नेशनल प्याब्सन भक्तपुरकै नेतृत्वमा निजी क्षेत्रको सहयोगमा यस संस्थाअन्तर्गत रहेका विद्यालयका शिक्षक शिक्षिकादेखि विद्यार्थीसम्मलाई एक लाखको नि:शुल्क दुर्घटना बीमाको व्यवस्था गरेको बताए।

# रुकुममा बस दुर्घटना : ९ जना घाइते

रुकुम/काठमाडौंबाट राडीतर्फ आउँदै गरेको बस रुकुम पश्चिमको आठबिसकोट नगर पालिका-११ रिठामा दुर्घटना हुँदा ९ जना घाइते भएका छन्।

प्रदेश ३-०१ ००५ ख ९९६६ नम्बरको बस शनिवार भेरी करिडोरअन्तर्गत रिठा नजिकै दुर्घटना हुँदा धादिङ खाग्री गाउँपालिका-१ का ३१ वर्षीय चालक खड्कबहादुर तामाङ, सोही गाउँपालिका-६ का २८ वर्षीय भीमबहादुर भुलन, रुकुम पश्चिमको आठबिसकोट-९ का ३१ वर्षीय प्रकाश गौतम, दोलखा भिमेश्वर नगरपालिका-७ का २६ वर्षीय प्रकाश मगराठी घाइते भएका जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी, प्रहरी निरीक्षक ऋषि पाठकले जानकारी दिए।

अन्य घाइतेमा आठबिसकोट-११ का १७ वर्षीय गणेश रसाइली, जाजरकोट नलगाड नगरपालिका-८ का ४५ वर्षिया भीमकुमारी चँदारा, उनको १० वर्षीय छोरा मानबहादुर चँदारा, मोरङ खेरुवा नगरपालिका-५ का २८ वर्षीय आकाश काफ्ले र जाजरकोट-१२ की २५ वर्षिया किसङकुमारी विक रहेका छन्।

घाइते सबै नगर अस्पताल राडीमा उपचार भइरहको प्रनि पाठकले जानकारी दिए। बस अनियन्त्रित भई सडकबाट ५० मिटर तल खसेको थियो।

# रोनाल्डोको उत्कृष्ट प्रदर्शनमा पोर्चुगलको फराकिलो जित



काठमाडौं/पोर्चुगलले यूईएफए नेसन्स लिगमा फराकिलो जित हासिल गरेको छ। शनिवार राति भएको खेलमा पोर्चुगलले पोल्यान्डलाई ५-१ गोलअन्तरले हराउँदै क्रुवाटरफाइनलमा स्थान सुरक्षित गर्न पनि सफल भएको छ।

पोर्चुगलको जितमा ३९ वर्षीय स्टार फरवार्ड क्रिस्टियानो रोनाल्डोले दुई गोल गरे। त्यसैगरी राफाया लिओ, ब्रुनो फर्नान्डेस र पेड्रो नेटोले एक/एक गोल गरे। पोल्याण्डका डोमिनिक मार्क्जुकले सान्त्वना गोल फर्काए। सबै गोल दोस्रो हाफमै भएका थिए।

पहिलो हाफमा दुवै टोलीले केही अवसर सिर्जना गरेपनि गोल भने गर्न नसक्दा गोलरहित बराबरी भएको थियो।

दोस्रो हाफको ५९औं मिनेटमा लिओले गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए। त्यसपछि ७२ औं मिनेटमा पोर्चुगलले पेनाल्टी पायो। पेनाल्टीमा रोनाल्डो चुकेनन् र टोलीको अग्रता दोब्बर पारे।

त्यसपछि ब्रुनो फर्नान्डेसले उत्कृष्ट गोल गर्दै टोलीलाई ३-० ले अगाडि ल्याए। ८३ औं मिनेटमा पेड्रोले गोल थपे भने ८७ औं मिनेटमा रोनाल्डोले एक्रोब्याटिक गोल गर्दा पोर्चुगल ५-० को फराकिलो अग्रता बनाउन सफल भयो। त्यसको एक मिनेटपछि मार्क्जुकले सान्त्वना गोल फर्काए।

५-१ को फराकिलो जित निकालेको पोर्चुगल लिग ए ग्रुप १ मा ५ खेलमा १३ अंकसहित शीर्ष स्थानमा छ। उसको क्वाटर फाइनलमा स्थान सुरक्षित भइसकेको छ।

अन्य खेलहरूमा स्कटल्याण्डले क्रोएसियालाई १-० ले हरायो भने स्पेनले डेनमार्कमाथि २-१ को जित निकाल्यो।

# अन्तर्राष्ट्रिय विद्यार्थी दिवस



विश्व राजनीतिको इतिहासलाई फर्केर हेर्ने हो भने राजनीतिक परिवर्तनमा होस् या राजनीतिक चेत विकास गर्न र विस्तार गर्न विद्यार्थीको भूमिका निकै महत्वपूर्ण छ।

विद्यार्थीका कारण नेपालमा मात्र होइन, विश्वका विभिन्न देशमा ठूला राजनीतिक, सामाजिक तथा आर्थिक परिवर्तनहरु भएका छन्। विद्यार्थीहरुको यही योगदानलाई स्मरण गर्दै १७ नोभेम्बरलाई विश्वभर अन्तर्राष्ट्रिय विद्यार्थी दिवसका रुपमा मनाउने गरिन्छ।

तर, यसको अर्थ के होइन भने यसलाई राजनीतिक दिवसको सन्दर्भमा मात्र लिने गरिन्छ। यसलाई त बरु अहिले गैराराजनीतिक तथा बहुसाँस्कृतिका दिवसका रुपमा विश्वभरका विभिन्न विश्वविद्यालय तथा कलेजहरुले मनाउने गर्छन्।

यथा हि चक्रं परिवर्तते सततं, तथा
विद्या च परिवर्तते निरन्तरम्।
विद्यार्थिनां चेतसि सदा परिवर्तना,
नवीनं ज्ञानं सततं हि दीप्यते।

जसरी पाङग्रा निरन्तर घुमि–रहन्छ, त्यसरी नै ज्ञानको पनि निरन्तर विकास भइरहेको छ। विद्यार्थीहरूको दिमागमा, त्यहाँ सधैं परिवर्तन हुनुपर्छ, किनकि नयाँ ज्ञान निरन्तर उज्यालो हुन्छ।

अन्तर्राष्ट्रिय विद्यार्थी दिवस किन मनाउन थालियो भन्नेबारे थोरै चर्चा गरौं। त्यसो त अन्त–र्राष्ट्रिय विद्यार्थी दिवस अन्य कुनै मितिमा केही विश्वविद्यालयहरुले मनाउने गरेका छन्।

यो विशेषत: अन्तर्राष्ट्रिय विद्यार्थी पढाउने विश्वविद्यालयहरुले मनाउने गरेका छन्। सन् १९३९ को कुरा हो। नाजीहरुले चेक रिपब्लिकका विश्वविद्यालयहरुमा आक्रमण गरेका थिए। त्यहाँ उनीहरुले केही विद्यार्थीहरुको हत्या मात्र गरेनन्, विद्यार्थीहरुलाई नियन्त्रणमा लिएर कन्सन्ट्रेसन क्याम्पहरुमा पनि पठाएका थिए। इतिहासको यो सन्दर्भबारे कुनै लेखमा फेरि छलफल गरौंला। त्यति बेला प्राग विश्वविद्यालयमा भएको नाजी आक्रमणमा नौजना विद्यार्थीको हत्या भएको थियो। १२ सयभन्दा धेरै विद्यार्थीहरुलाई कन्सेन्ट्रेसन क्याम्पहरुमा पठाइएको थियो। अनि चेकका सबै विश्वविद्यालयहरु र कलेजहरु पनि बन्द गरिएका थिए।

त्यो इतिहास, त्यति बेला हत्या गरिएका ९ विद्यार्थी र १२ सय विद्यार्थीको सम्झनामा यो दिवस मनाउन थालिएको हो। वर्ष २०२४ को नारा यस विषयवस्तुले जलवायु परिवर्तन, प्राविधिक नवीनता, र सामाजिक न्याय जस्ता विश्वव्यापी समस्याहरू समाधान गर्न आवश्यक ज्ञान, सीप र मूल्यहरू प्रदान गर्ने महत्त्वलाई जोड दिन्छ।

इतिहासमा विद्यार्थीको योगदान बारे। नेपालमा भएका ठूला राजनीतिक परिवर्तनहरुमा पनि विद्यार्थीहरुको विशेष भूमिका रहेको छ। २००७ सालमा होस् या ०४६ सालमा वा पछिल्लो पटक हामीले व्यवस्था परिवर्तन गरेको ०६२/६३ सालमा नै किन नहोस्, विद्यार्थीहरुको विशेष भूमिकालाई कसैले पनि नकार्न सक्दैन। विद्यार्थीलाई भोलिका कर्णाधार भन्छौं, उनीहरुको महत्वलाई बिर्सन सक्दैनौं।

## शिक्षक आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८१/०८/०२गते।)

इन्द्रसरोवर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखा कुलेखानी मकवानपुर, बागमती प्रदेशको मिति २०८१/०७/३० को च.न. ४२९ को प्राप्त विज्ञापन अनुमतिपत्र र यस विद्यालयको वि.व्य.स.को मिति २०८१/०७/२७ गतेको बैठकको निर्णयअनुसार यस विद्यालयमा रिक्त रहेको तपशिलका पदमा खुल्ला विज्ञापनद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वकको दरखास्त आव्हान गरिन्छ। रित नपुगी र म्यादनाघी पर्न आएको दरखास्तउपर कुनै कारबाही हुने छैन।

**तपशिल**

**विज्ञापन नं.** : ०२, **पद** : शिक्षक, **आवश्यक पद संख्या** : १ (एक)
**विषय** : गणित, **तह** : मा.वि.तृतीय (संघीय अनुदान)
**न्युनतम शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषयमा स्नातक उत्तीर्ण गरेको।
**परीक्षाको किसिम** : लिखित र मौखिक
**दरखास्त दस्तुर** : रु. २५००/– (दुईहजार पाँचसय मात्र)
**उमेर** : २१ वर्षदेखि ४० वर्ष ननाघेको
**दरखास्त दिने स्थान** : श्री कालिका मा.वि. वा इमेलमार्फत् schoolshreekalika.cs2017@gmail.com
**तलब भत्ता** : नेपाल सरकारले तोकेबमोजिम
**दरखास्त दिने अन्तिम मिति** : २०८१/०८/१६ गते (कार्यालय समयभित्र)
**सम्पर्क मिति** : २०८१/०८/१७ गते
**परीक्षा मिति** : सम्पर्क मितिमा जानकारी गराइनेछ।

विद्यालय बैंक खाता नं.: ३५६०१०१०००११६
(श्री कालिका मा. वि.) ग्लोबल आई एम ई बैंक कुलेखानी शाखा

**आवश्यक कागजातहरू:**
१. हस्तलिखित निवेदन, २. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २ प्रति, ३. शैक्षिक योग्यता तथा अनुभवका प्रमाणपत्रको प्रतिलिपिहरु २ प्रति, ४. शिक्षण अध्यापन अनुमति पत्रको प्रतिलिपि २ प्रति

**नोट** : माथिल्लो योग्यतालाई ग्राह्यता दिइनुका साथै अनिवार्यरुपमा दरखास्त दस्तुर विद्यालयको बैंक खातामा जम्मा गरेको स्लिप (Deposit Slip) दरखास्त दिंदा बुझाउनु पर्नेछ।

**श्री कालिका माध्यमिक विद्यालय**
इन्द्रसरोवर गाउँपालिका-४,फाखेलचौर मकवानपुर
सम्पर्क नम्बर : ९७४५६०४२४३ (विद्यालय), ९८४९८०५०४१ (अध्यक्ष), ९८६८६२२९०७ (स.प्र.)

## घटना दर्ता सम्बन्धि
भीमफेदी गाउँपालिकाको
## अनुरोध

तपाईको घर परिवारमा हुने गरेका जन्म, मृत्यु, बिवाह, बसाईसराई, सम्बन्ध बिच्छेदलगायतका घटनाहरु समयमै पालिकाको सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउनु हुन समस्त गाउंपालिकाबासीमा अनुरोध गरिन्छ।

भीमफेदी गाउंपालिका
गाउंपालिकाको कार्यालय
मकवानपुर







## ड्राइभिङ्ग सिक्ने हैन त ?

**हामी सिकाउँछौं तपाईंलाई साइकलदेखि जेसीबीसम्म**

हामी आएका छौं काठमाडौंदेखि हेटौंडासम्म तपाईहरुलाई कुनै पनि सवारी साधनको लाइसेन्स लिन सक्ने दक्ष बनाएर ग्यारेण्टी सहित सिकाएर हामी सवारी साधन र यस सम्बन्धि सम्पूर्ण पार्टपुर्जाको जानकारी सहित आफ्नै ट्रायलसेन्टरमा छिटो, छरितो र सस्तोमा तालिम दिंदै रोडटेष्ट गरिन्छ।

**यहाँ अनलाइन फर्म पनि भरिन्छ।**

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-४, सितलमहल ओम्याक्स हल अगाडी
सम्पर्क: ९८१७२८४६१४, ९८४५१७९४१५, ९८४५६२३५६९

# बाली लगाउने बेला संधैं बिउकै पिरलो

हेटौंडा/बाली लगाउने बेला भएपछि यहाँका किसानलाई बिउको चिन्ता हुन्छ। मौसम र बेलाअनुसार अहिले गहुँ छर्ने तयारी गर्ने बेलामा बिउ के गर्ने भन्ने चिन्ताले यहाँका किसान पिरोलिंदैछन्।

'बेलामा बिउ पाइने ढुक्कका हेटौंडा-९ पशुपतिनगरका किसान महेन्द्र मैनाली विरक्तिंदै भन्छन्, 'सधैं बाली लगाउने बेला भयो कि यसैको चिन्ता !' अब सामान्यत बेलैमा गहुँ छर्न पाईंदा मंसिर २२ भित्र सक्नुपर्ने हुँदा अहिलेदेखि नै बिउको चिन्ता परेको उनी बताउँछन्।

कुनै बालीका लागि नठगिने बिउ पाउने ठाउँ आफूहरुले नपाएको किसानको गुनासो छ। 'धान होस् कि मकै वा गहुँ, आलु होस् कि अरू कुनै तरकारीका बिउ, यो चाहिँ भरपर्दो हो भनेर चित्त बुझाएर लिन पाईंदैन', मैनालीकै छिमेकी अर्का किसान भोला पौडेल भन्छन् , 'सब भगवान् भरोसे !'

जिल्लाका स्थानीय तहहरुमा कृषि शाखा रहने व्यवस्था भए पनि बाली लगाउने बेलामा नियमितरूपमा बिउ पाइने अवस्था नभएको किसान बताउँछन् । 'कुनै कुनै साल त अनुदानको बिउ आ'को छ भन्ने सुनिन्छ, दौडादौड गर्ने कतिले थोर तिन पाउँछन्, फेरि दुईरचार वर्ष ती निदाउँछन्', स्थानीय तहका कृषि शाखाबारे टिप्पणी गर्दै हेटौंडा-११ का किसान अरुण बतौंला भन्छन् , 'यो अनुदानको हल्ला पिटिनुभन्दा भरपर्दो बिउ उचित मूल्य तिरेर आवश्यक मात्रामा पाउने सुनिश्चितता भए ढुक्क त हुइथ्यो।' किसानलाई



अनुदानको बिउ कहिले आउँछ भन्नेभन्दा राम्रो बिउ उचित मूल्यमा खोज्दा पाइने भए राहत हुने उनी बताउँछन्।

आफ्ना ठाउँ र बजारमा बिउ नपाउँदा महोत्तरी जिल्लाका अधिकांश किसानसमेत भारतीय बजारमा निर्भर छन् । उताबाट (भारतीय बजार) ल्याइएको बिउमा कैयौं पटक ठगिएको किसानको अनुभव छ। तर, आफू कहाँ कुनै भर नहुँदा जेजस्तो पाइए पनि भारतीय बजार नै जानपर्ने बाध्यता रहेको बलवा-१० रौजाबजार का मंसुल कवारी बताउँछन्। 'मकै र तरकारीका बिउ त भारतीय बजार कै भर हो, कवारी भन्छन्, 'आलु र उखु चाहिँ अझै यता पाइादैछ, धान र गहुँका लागि पनि बाक्लै भारत गएका छौं।'

कैयौं पटक भारतीय बजार बाट ल्याइएको बिउमा पनि ठगिएको उनी सम्झिन्छन्। 'धेरैजसो मकैको बिउमा यस्तो भएको छ, कति नउम्रने, कति घोगा नलाग्ने, तर यो व्यथा कसले सुनिदिने ?', निराश बन्दै उनी भन्छन्।

यहाँका किसानलाई एक दशकअघिसम्म जिल्ला कृषि विकास कार्यालय र जिल्लाका ठाउँठाउँमा रहेका कृषि सेवा केन्द्र र उपकेन्द्रको सेवा बरु सम्झना हुन्छ। 'कहिलेकाहीं नमुना भनेर बिउ पनि दिन्थे, बाली हेर्न आइदिनोस् भन्दा जेटी-जेटिए आइदिन्थे, सल्लाह पाइन्थ्यो', रामगोपालपुर-२ का किसान कादिर हुसैन पुराना दिन सम्झादै भन्छन्, 'खै गाउँमा सिंहदरबार आयो भन्छन्, हामी किसानका सहुलियतका दिन चाहिँ आएनन्।'

जिल्लाका १५ स्थानीय तहमध्ये एकाधमा मात्र कृषि शाखा व्यवस्थित छन् । धेरैजसो स्थानीय तहमा कृषिसम्बद्ध कर्मचारी छन् छैनन्? सर्वसाधारण किसानले थाहा नै पाउँदैनन्। कृषि शाखा सञ्चालनको मुख्य जिम्मेवारी भए पनि स्थानीय तहका नेतृत्वकर्ताको प्राथमिकतामा कृषि नपर्दा आम किसानले परिवर्तनको अनुभूति सँगाल्न नसकेका कृषिक्षेत्रको सरकारी सेवामा सहसचिव पदबाट अवकाश लिएका भङ्गाहा-५ सीतापुरका बासिन्दा कृषिविज्ञ रामबहादुर भुजेल बताउँछन्।

किसानले राहत पाउन वा कुनै सल्लाह लिन पनि कृषि प्राविधिक नभेटाउने गरेका आम गुनासो छ। जिल्लाको मुख्य पेसा र निर्भरता खेतीमै भए पनि जिम्मेवार तह र व्यक्तिको प्राथमिकतामा यो नपर्दा कृषिक्षेत्र दिनदिनै उपेक्षित हुँदै गएको जिल्लाकै हतिसर्वा सग्रामपुरका बासिन्दा सरकारी सेवाबाट निवृत्त अर्का कृषिविज्ञ जासर यादवको प्रतिक्रिया छ।

कृषि विषय र शीर्षकमा संघीय र प्रदेश सरकारका बजेटमा रकम विनियोजित भए पनि नाङ्गा खुट्टाका गरिब किसानले त्यसबाट अवसर पाउँदैनन् । ती रकम कागज मिलाएर टाठाबाठाले नै हात पार्ने गरेका अगुवा किसान बर्दिबास-६ चौलिखाका पर्शुराम ठाकुर बताउँछन्।

कृषिक्षेत्रको यो अव्यवस्था चिर्न मुख्य रुपले स्थानीय तहहरु नै जिम्मेवार हुनुपर्ने अगुवा किसानको सल्लाह छ । स्थानीय तहले व्यवस्थित कृषि शाखा सञ्चालन गरे संघीय र प्रदेश सरकारका कृषि शीर्षकका रकम समुचित ठाउँमा पुग्ने वातावरण पनि बन्नसक्ने ठाकुरको सुझाव छ।

आम सामान्य किसान भने आफ्नो तीन तहको सरकार र आफ्ना प्रतिनिधि रहेको अनुभूति सँगाल्न समयमा कृषि ज्यावल, बिउ बिजन, मलखाद र सहुलियत कृषि ऋणसँगै चाहिएको बेला प्राविधिक सरसल्लाह पाइने दिन पर्खिएका हुन्छन् तर पनि नेपाल सरकारले केही गर्दैन।

# जेसीज दौडको उपाधी न्यौपानेलाई

सन्देश संवाददाता








हेटौंडा/चैनपुर जेसीज मनहरीको जेसीज सप्ताह अन्तर्गत शनिबार भएको जेसीज दौड प्रतियोगिताको उपाधी दिपेन्द्र न्यौपानेले जितेका छन्।

अन्य १८ सहभागीलाई उछिन्दै न्यौपानेले उपाधी जितेका हुन्। दौडमा अनिष प्रजा दोस्रो, विजय स्याङ्बो तेस्रो र अजित मोक्तान सान्त्वना भए। दौडको विजेताहरुलाई यही मंसिर ३ गते हुने जेसीज सप्ताह तथा फुटबल प्रतियोगिताको समापनमा पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।

कार्यक्रम संयोजक राजकुमार तिमल्सिनाको संयोजकत्व एवम् चैनपुर जेसीज मनहरीका अध्यक्ष रविन ढकालको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउपालिका ४ नम्बर वडा अध्यक्ष प्रकाश थापाको प्रमुख आतिथ्यता रहेको थियो।

प्रमुख अतिथि थापाले जेसीजले मनहरी क्षेत्रमा खेलकुद, सचेतनामुलक कार्यक्रमसहित विभिन्न गतिविधि गरिरहेकोप्रति खुसी व्यक्त गर्दै आगामी दिनमा पनि सहकार्य जारी राख्ने बताए। मनहरी ४ कै मुख्य प्रायोजनमा गोलघर खेल मैदानमा खुला फुटबल प्रतियोगितासमेत भैरहेको छ।

कार्यक्रममा लामिटार मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रघुनाथ खतिवडा, जेसीजका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, शिक्षकद्वय ईश्वर रिजाल र नवीन रेग्मी लगायतको आतिथ्यता रहेको थियो। जेसीजले फुटबलसंगै जेसीज सप्ताह समेत आयोजना गरिरहेको छ।

# ऊँ आरोग्यको साधारण सभा




सन्देश संवाददाता

हेटौंडा/ऊँ आरोग्य उपभोक्ता सहकारी संस्था लिमिटेडको १२ औं साधारण सभा हेटौंडामा सम्पन्न भएको छ। शनिवार संस्थाका अध्यक्ष विरकृष्ण महर्जनको सभाध्यक्षतामा पशुपति मन्दिरको सभाहलमा भएको हो।

कार्यक्रममा हेटौंडा-४ का वडाअध्यक्ष नविन सिग्देलले देशैभर सहकारीमा देखिएको समस्या यो सहकारीबाट नभएकोमा आफु विवस्त रहेको बताए । अध्यक्ष सिग्देलले सहकारीबाट ऋण लिएर समयमा नतिर्ने अटेरी ऋणीहरुलाई ऋण असुलीका लागि वडा कार्यालयले पनि समन्वय र सहयोग गर्ने बताए।

संस्थाका सचिव विष्णुप्रसाद दाहालले सञ्चालन गरेको कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाले सहकारीहरुले संस्थाको बिधिबिधानअनुसार कारोवार गर्न सुझाव दिएका थिए।

देवकोटाको प्रमुख अतिथ्यतामा भएको कार्यक्रममा वडा प्रहरी कार्यालयका प्रमुख प्रज्जवल थापाले ईमान्दारीपुर्वक र नियमसम्मतरुपमा काम कारोवार गरेका कसैसंग डराउनु नपर्ने भन्दै शुभकामना ब्यक्त गरेका थिए। साधारण सभाको अवसरमा संस्थाले उत्कृष्ट ऋणी सम्झना डिम्डुङ र उत्कउष्ट बचतकर्ता मिराकुमारी पन्तलाई सम्मानसमेत गरेको थियो।

# ऋसर व्यवसायी महासंघको अध्यक्षमा सर्वसम्मत दोहोरिए न्यौपाने

काठमाडौं/नेपाल ऋसर तथा खानी उद्योग व्यवसायी महासंघको अध्यक्षमा पुनः सीताराम न्यौपाने निर्विरोध चुनिएका छन्।

महोत्तरीको बर्दिवासमा आयोजित दशौं र एघारौ वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनबाट न्यौपानेको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चुनिएको उपाध्यक्ष मिनबहादुर शाहीले जानकारी दिए।

२०७७ माघ २० गते बुटवलमा आयोजित महाधिवेशनबाट पनि सिताराम न्यौपाने नै अध्यक्ष चुनिएका थिए । महासंघको कार्यसमिति २१ सदस्यीय हुने विधानमा व्यवस्था छ।

बर्दिवास महाधिवेशनबाट वरिष्ठ उपाध्यक्षमा चन्द्रमणी अधिकारी, उपाध्यक्षमा कोशी प्रदेशबाट रोहित




बहादुर कार्की, मधेश प्रदेशबाट राम नारायणप्रसाद यादव, बागमती प्रदेशबाट देवराज लुइँटेल, गण्डकी प्रदेशबाट लिलाधर बराल र लुम्बिनी प्रदेशबाट मिनबहादुर शाही चुनिएका छन्।

त्यस्तै महासचिवमा देवराज तामाङ चुनिएका छन्। सचिवमा उम्मेदवारी नपरेकाले पद रिक्त राखिएको छ । सहसचिवमा बुद्धि प्रसाद आचार्य, कोषाध्यक्षमा बेचन ठाकुर बरही र सहकोषाध्यक्षमा विनोदराज श्रेष्ठ निर्विरोध चुनिएका छन्।

सदस्यमा हुमनाथ पौडेल, कुमार गिरी, तिल प्रसाद पाठक, अनोद कुमार देवकोटा, विकास नारायण श्रेष्ठ, राजकुमार रावल, राजु रेग्मी, शशी कुमार यादव र सन्तोष यादव निर्वाचित भएका छन्।

पदाधिकारीसहित कार्यसमिति सदस्यहरुको कार्यकाल तीन वर्षको हुन्छ । महासंघको अध्यक्षमा पुनः चुनिएसँगै न्यौपानेले ऋसर व्यवसायका अधिकांश समस्याहरू अघिल्ला तीन वर्षहरूमा सरोकार वाला निकायलाई अवगत गराएको र अगामी तीन वर्ष त्यस्ता समस्याहरू समाधान गर्न थप मिहिनेत गर्ने बताए। बर्दिबासको साधारण सभा तथा महाधिवेशनमा देशभरबाट करिब ७८० जना प्रतिनिधिहरुको सहभागिता थियो।

# क्लासिक टेकमा नेपालभरि रोजगारीको अवसर

काठमाडौं/देशकै अग्रणी तथा ठुलो नेटवर्क सेवा प्रदायक कम्पनी क्लासिकले देशैभरि विभिन्न तहका कर्मचारीको लागि रोजगारीको अवसर ल्याएको छ। यसअन्तर्गत बजार बिक्री प्रबन्धक, कल सेन्टर, क्षेत्रीय बजार प्रतिनिधि, शाखा प्रबन्धक, फाइबर सुपर्भाइजर, फाइबर टेक्निसियन, फ्रन्ट डेक्स प्रतिनिधि नेपालभरिको लागि माग गरिएको छ।

आकर्षक तलब सुविधा, कर्पोरेट सिम कार्ड, इन्धन तथा मर्मत भत्ता, सामाजिक सुरक्षा कोष, इन्सेन्टिभलागायतका सेवा सुविधा रहेको कम्पनीले जनाएको छ। उक्त




पदहरु मार्केटिंग तथा फाइबरका लागि सम्बन्धित क्षेत्रमा १ वर्ष कार्यअनुभब भएको उमेदवारलाई प्रथामिकता दिइने छ। विस्तृत जानकारीको लागि कम्पनीको वेबसाइट https://www.classic.com.np/career मा लगइन गरेर अथवा career@classic.com.np मा बायोडाटा पठाउन सकिनेछ । र 9801004477 मा कल गरेर जानकारी लिन सकिने कम्पनीको विज्ञप्तीमार्फत् जानकारी गराएको छ।

## कर्मचारी आवश्यकता

यस सहकारी संस्थाका लागि १ जना कर्मचारीको आवश्यकता भएकोले योग्यता पुगेका नेपाली नागरिकले संस्थामा सम्पर्क राख्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**पद** : कार्यालय सहायक, **तह** : ४ (चौथो)
**शैक्षिक योग्यता** : न्यूनतम, +२ (व्यवस्थापन संकाय, विज्ञान संकाय वा अर्थशास्त्र, गणित वा कम्प्युटर मुख्य विषय लिई जुनसुकै श्रेणीमा +२ उत्तिर्ण वा अन्य कुनै पनि संकायमा +२ प्रथम श्रेणीमा उत्तीर्ण)
**उमेर** : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
**आधारभूत तलब** : रु. २१,२७५।००
**भत्ता** : रु. १०००/०० + रु. ५०००/०० एकहजार शुरुबाट नै पाउने (बाँकी परीक्षण कालपछि)
**अन्य सुविधा** : एक महिनाको तलब मेडिकल सुविधा, एक महिनाको दशै र नाफाको आधारमा बोनस परीक्षण कालपछि।
**परीक्षणकाल** : १ वर्ष
**विशेष क्षमता** : कम्प्युटर डिप्लोमा हुनुपर्ने, Word, Excel तथा Power Point मा राम्रो क्षमता भएको।
**आवश्यक कागजात** : शैक्षिक योग्यताको प्रमाण पत्र, चारित्रिक प्रमाण-पत्र, नागरिकता र तालिमको पमाण-पत्र
**परीक्षाको किसिम** : लिखित, मौखिक तथा प्रयोगात्मक
**दरखास्त खुल्ला मिति** : २०८१ कात्तिक २८ गते
**दरखास्त अन्तिम मिति** : २०८१ मंसिर १२ गते कार्यालय समयभित्र
**लिखित परीक्षा** : २०८१ मंसिर १४ गते
**मौखिक तथा प्रयोगात्मक** : २०८१ मंसिर १५ गते
**नतिजा प्रकाशन** : २०८१ मंसिर १६ गते
**परीक्षा दस्तुर** : रु. १०००/०० (एक हजार मात्र )

**साइराम बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२ संगमचोक देवीपथ । सम्पर्क नं. : ९८४५२८८३२४

## आकर्षक घडेरी बिक्रीमा

मकवानपुर बहुमुखी क्याम्पस नजिक, हेटौंडा-२, जिल्ला प्रशासन कार्यालयबाट पुर्वतर्फ एक मिनेटको दुरीमा रहेको वनस्खण्डी टोलमा घडेरी बिक्रीमा इच्छुकले सम्पर्क गर्न सक्नु हुनेछ।
(**नोट**: आधा नगद र आधा हेटौडा नजिकको जग्गासंग उपयुक्त लागेमा साट्नसमेत सकिनेछ।)

**सम्पर्क नम्बर: ९८४५१२३३६६**







**Gorkhali Trade & Suppliers**
Rajatjayanti Path, Hetauda-04
CG motocorp
**Contact:** 057-522018, 9802900316
TOLL FREE NO. 9801571571

## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थानः रातोमाटे भोर्ले।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

## सुबिधायुक्त घर भाडामा

हेटौंडा-४ पुष्पलालपार्क नजिकै रहेको पर्याप्त पार्किङ सुविधासहितको सुबिधायुक्त गार्ड रुम सहितको २ फ्ल्याटको आकर्षक घर भाडामा उपलब्ध छ।
ईच्छुकले सम्पर्क राख्नुहोला।

**सम्पर्कः ९८४८६६४५६२**

## शुभम यातायात प्रा. लि. द्वारा नयाँ EV को प्रस्तुति




ELECTRIC UAN (AC EV) वातावरणमैत्री विद्युतीय यात्रुवाहक सेवा

२०८१ साल आषाढदेखि हेटौंडा उपमहानगरमा स्थापना भएर यात्रु महानुभावहरूलाई सजिलो, भरपर्दो र AC युक्त आरामदायी EV सेवा प्रदान गर्दै निरन्तर वातावरणमैत्री विद्युतीय सवारी साधन Electric van (AC EV)मा यात्रुहरूको सुझावसहित गुणस्तरीय सेवा पुऱ्याउने सहर्ष जानकारी गराउँदछौ।

हेटौडादेखि काठमाण्डौसम्म • काठमाडौदेखि हेटौडासम्म

सदैव सजिलो, आरामदायी शुभयात्राको लागि सम्झनुहोस।
यस कम्पनीद्वारा सञ्चालित EV माइक्रो, स्कार्पियो तथा जीप रिजर्वको लागि सम्पर्क गर्नुहोस्।




सञ्चालक : शुकराम रुम्बा
**शुभम यातायात प्रा.लि.**
हेटौंडा-४, कान्तिराजपथ, कुमारी बैंक भित्र,
सम्पर्क नं. : ९८५५०३१४२४, ९८०३८५१५९८, ९८४५०७७२२६

प्रकाशकः केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रितः सन्देश छापाखाना ॥ कार्यालयः हेटौंडा-२ मानस चोक ॥ फोनः ०५७-५२२२३७, ५२४२३६, ॥ E-mail: htd.sandesh@gmail.com, ॥ सम्पादकः माधव न्यौपाने